Co-funded by
the European Union

SUOMI
FINLAND

LOCAL ADAPTATION
TO CLIMATE CHANGE
LACC PROJECT

## जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना

# स्थानीय सरकार परियोजना कार्यान्वयन एकाइ

# कर्मचारी छनौट तथा परिचालन कार्यविधि

डिसेम्बर २०२५



Cowater
International

**परियोजनाको नामः** जलवायु परिवर्तन स्थानीय अनुकूलन (LACC) परियोजना
**परियोजनाको अवधिः** डिसेम्बर २०२४ देखि नोभेम्बर २०२९
**दस्तवेजको प्रकारः** स्थानीय सरकार परियोजना कार्यान्वयन एकाइ कर्मचारी छनौट तथा परिचालन कार्यविधि
**सुपरीवेक्षण समितिबाट निर्णय भएको मिति** : १० असोज २०८२ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार
**तयार गर्नेः** जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाइ बिरेन्द्रनगर, सुर्खेत

**वितरणः** सार्वजनिक

यो प्रकाशन युरोपेली संघको सह-लगानीमा प्रकाशन गरिएको हो। यस सामग्री जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको एकल जिम्मेवारी हो र यसले युरोपेली संघको विचारलाई प्रतिबिम्बित गर्दैन।

# विषय सुची

विषय सुची ....................2
१. पृष्ठभूमि ....................3
२. परियोजना कार्यान्वयनमा स्थानीय सरकारको भूमिका ....................4
३. स्थानीय तह परियोजना कार्यान्वयन एकाइ जनशक्ति पदपुर्तिको चरणहरु ....................7
४. छोटो अवधिका सेवा प्रदायकहरूको छनौट प्रक्रिया ....................11
५. स्थानीय सरकार परियोजना कार्यान्वयन एकाइ जनशक्ति परिचालन ....................14
प्रतिवेदन ....................15
फिल्ड अनुगमन: ....................15
वार्षिक कार्यसम्पादन मूल्याङ्कन : ....................16
अनसूचि १ : विभिन्न पदहरूको जिम्मेवारी र कार्यक्षेत्र ....................18
लक परियोजना अधिकृत ....................18
फिल्ड संयोजक ....................21
प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता ....................28
सब-इन्जिनियर ....................25
जलस्रोत प्राविधिक ....................31
सामाजिक परिचालक ....................33
अनुसुची २: स्थानीय तह परियोजना कार्यान्वयन (खानेपानी सरसफाइ स्वच्छता तथा वातावरण) एकाई कर्मचारीहरूका अन्य सेवा सर्तहरू तथा नियमहरू ....................37
अनुसुची ३: जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको आचार संहिता ....................39
अनुसूचीः४ दरखास्त आह्वान गरिएको सूचना नमुना ....................43
अनुसूचीः५ दरखास्तको ढाँचा ....................46
अनुसूचीः६ वैयक्तिक विवरण मूल्याङ्कनका आधारहरू ....................50
अनुसूचीः७ मुल्याङ्कन तालिकाहरू ....................58
लिखित परिक्षा मुल्याङ्कन तालिका ....................58
अन्तरवार्ता अंक तालिका ....................58
अन्तिम तुलनात्मक अंक तालिका ....................59
अनुसूचीः८ स्थानीय तह परियोजना कार्यान्वयन एकाई कर्मचारीहरू नियुक्ति पत्रको ढाँचा ....................59

# १. पृष्ठभूमि

परियोजना सम्बन्धी निर्णय र कार्यान्वयनको लागि समन्वय गर्न जिम्मेवार तथा सक्षम निकायहरूमा नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालय र फिनल्याण्ड सरकारको तर्फबाट फिनल्याण्डको वैदेशिक मामिला मन्त्रालय (नेपालमा फिनल्याण्ड राजदूतावासद्वारा प्रतिनिधित्व गरिएको) पर्दछन्। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले परियोजना लागू हुने स्थानीय सरकारहरूसँग समन्वय गर्दै कार्यान्वयनकारी मन्त्रालयको भूमिका निर्वाह गर्दछ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ले स्थानीय सरकारहरूलाई नीतिगत तथा व्यवस्थापकीय सहायता प्रदान गर्न नेतृत्व र सबै परियोजना गतिविधिहरूको प्रभावकारी समन्वय सुनिश्चित गर्ने जिम्मेवारी लिएको छ। परियोजनाको गतिविधिहरू कार्यान्वयन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र परियोजना लागू भएको स्थानीय सरकारहरू बीच सम्पन्न  समझदारी पत्र मार्फत स्थानीय सरकारहरूलाई जिम्मेवारी प्रत्यायोजन गरिएको छ। उक्त समझदारी पत्र अनुसार, स्थानीय सरकारहरूले परियोजनाका लक्ष्यहरू प्राप्त गर्न वित्तीय र मानव स्रोतहरूको व्यवस्थापन तथा परिचालन गर्ने कार्य गर्छन्।

परियोजना सुपरीवेक्षण समिति परियोजनाको सर्वोच्च निर्णायक निकाय हो। गाउँपालिका/नगरपालिका परियोजना व्यवस्थापन समितिले परियोजनाका गतिविधिहरूको योजना तर्जुमा, प्रशासनिक र व्यवस्थापनको जिम्मेवारी वहन गर्दछ। गाउँपालिका/नगरपालिकाको कार्यपालिकाले परियोजनाका सबै गतिविधिहरूमा समुदायलाई प्राविधिक र अन्य आवश्यक सहयोग प्रदान गर्दै योजना निर्माणमा प्राविधिक अनुगमन र निर्माणको गुणस्तर सुनिश्चित गरेर दिगोपनाको लागि सञ्चालन र मर्मत सम्भारमा समेत रेखदेख गर्दछन्।

विभिन्न प्रकारका उपभोक्ता समितिहरूले खानेपानी, सिचाइ, वन, जीविकोपार्जन, सरसफाइ, संरक्षण आदि पूर्वाधारका योजना, प्राकृतिक स्रोत व्यवस्थापन, जीविकोपार्जन पहलहरू र अन्य परियोजना सम्बन्धित गतिविधिहरूको कार्यान्वयन गर्ने, आर्थिक प्रशासनीक तथा व्यवस्थापन सहितका जिम्मेवारीहरु निर्वाह गर्दछन्। गाउँपालिका/नगरपालिकाका कार्यालयहरूमा उपलब्ध प्राविधिक दक्षता र जनशक्ति उपलब्धताको अवस्थालाई दृष्टिगत गर्दै, परियोजना कार्यान्वयनलाई सहज गर्न परियोजना व्यवस्थापन समिति मार्फत सहयोगी व्यक्तिहरुलाई कार्यसम्पादनमा आधारित करार सेवामा नियुक्त गरी स्थानीय तह परियोजना कार्यान्वयन इकाइका कर्मचारीहरू **(यस पछि पालिका परियोजना एकाइ कर्मचारी** भनिने)को रुपमा परिचालन गर्न आवश्यकता पर्दछ। पालिका परियोजना इकाइ कर्मचारीहरूको संख्या र सेवा क्षेत्रको प्रकार सम्बन्धित स्थानीय सरकारमा उपलब्ध जनशक्ति र सो आर्थिक बर्षका लागि तय गरिएका गतिविधिहरूको परिमाणमा निर्भर गर्दछ। परियोजना व्यवस्थापन समितिले प्रत्येक वर्ष बार्षिक कार्यभार मूल्यांकन, तर्जुमा गरिएका योजनाहरू र विद्यमान गाउँपालिका/नगरपालिका जनशक्ति परिचालनको सम्भावनाका आधारमा पालिका परियोजना इकाइ कर्मचारीहरुको आवश्यकता निर्धारण गर्दछन् ।

यो कार्यविधि जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना दस्तावेज र परियोजना कार्यान्वयन म्यान्यूअलको सहयोगी दस्तावेजको रूपमा तयार गरिएको हो। यसले परियोजना कार्यान्वयनका लागि आवश्यक न्यूनतम जनशक्ति तथा सो को पदपुर्ति र परिचालन प्रक्रियाबारे परियोजना व्यवस्थापन समितिलाई मार्गदर्शन प्रदान गर्छ।

## २. परियोजना कार्यान्वयनमा स्थानीय सरकारको भूमिका

स्थानीय सरकारहरूले परियोजना व्यवस्थापन समितिको सहयोगमा स्थानीय तहमा परियोजनाका गतिविधि कार्यान्वयन गर्छन्। योजना निर्माण सम्बन्धी गतिविधिहरू स्थानीय सरकारको सहयोगमा उपभोक्ता समितिहरू मार्फत कार्यान्वयन गरिन्छन्। परियोजनालाई सहभागीत्मक लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशी मैत्री दृष्टिकोणबाट परियोजना सम्बन्धी गतिविधिहरू प्रभावकारी कार्यान्वयन गर्नका लागि फिल्डस्तरमा विभिन्न विषयका पर्याप्त जनशक्ति परिचालन गर्न आवश्यक हुन्छ। परियोजनाको विषयगत कार्य क्षेत्रहरुमा खानेपानी तथा सरसफाई, विपद् जलवायु परिवर्तन अनुकूलन मैत्री कृषि तथा जीविकोपार्जन विकास विस्तार र बजारीकरण, दिगो उत्पादन, उपयोग एवम् साना तथा मझौला उद्यम, जलाधार संरक्षण तथा सिँचाई, जैविक विविधता, वातावरण संरक्षण तथा सामुदायिक वन व्यवस्थापन सुधारिएको पानी घट्ट, चुलो जस्ता नवीकरणीय ऊर्जा प्रर्वद्धन सम्मका विषय रहेका कारणले प्रमुख क्षेत्रका लागि सो सम्बन्धित दक्ष जनशक्तिहरु परिचालन गर्नुपर्ने हुन्छ। परियोजना क्षेत्रमा विषयगत गतिविधिहरू सन्चालन गर्नका लागि निम्न दक्षता र क्षेत्र सम्बन्धि जनशक्तिहरु आवश्यक पर्दछ।

**१. परियोजना र वित्तीय व्यवस्थापनः** परियोजना व्यवस्थापन समिति, प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तहका परियोजनाका क्षेत्र सम्बन्धित शाखाहरू र आर्थिक प्रशासन शाखा यसका लागि जिम्मेवार रहनेछन्। यसका लागि गाउँपालिका/नगरपालिकाका विध्यमान कर्मचारीहरूबाट पालिकाको नियमित कार्यको रूपमा आंशिक समय व्यवस्थापन गरी आवश्यक सेवाहरु प्रदान गर्नेछन् ।

**२. परियोजना प्रतिवेदन, फिल्ड व्यवस्थापन र टोली परिचालनः**

गाउँपालिका/नगरपालिकामा उपलब्ध विध्यमान कर्मचारीहरू मध्येबाट एक जना अधिकृत तहको (छैटौं) कर्मचारीलाई परियोजनाका लागि निर्दिष्ट रूपमा कार्य गर्न "परियोजना अधिकृत" लाइ नियुक्त गर्नेछ, अथवा स्थानीय तहको कर्मचारी व्यवस्थापनमा आवश्यकता अनुसार परियोजना हेर्ने गरी नयाँ अधिकृत नियुक्त गर्नु पर्नेछ। उक्त अधिकृतसंग सहभागितामूलक योजना तर्जुमा र निर्णय प्रक्रिया, खानेपानी, सरसफाइ स्वच्छता, जीविकोपार्जन र प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी कार्यमा राम्रो अनुभव हासिल गरेको हुनुपर्दछ।

## ३. इन्जिनियरिङ सर्वे, डिजाइन लागत इष्टिमेट तयारी तथा मूल्यांकनः

खानेपानी सरसफाइ, सिँचाइ र जल स्रोत संरक्षणसम्बन्धी योजना साथै जीविकोपार्जन पूर्वाधार, सुधारिएको चुल्हो र सुधारिएको पानी घट्ट जस्ता पूर्वाधारका योजनाहरु कार्यान्वयन गर्नका लागि स्थानीय तहले विशेष रूपमा परियोजनाको कार्यहरुलाइ मात्र ध्यान दिने गरी एक जना योग्य सब–इन्जिनियर नियुक्त गर्नुपर्नेछ। स्थानीय तहका नियमित गतिविधिहरूको कार्यभारलाई विचार गरी, परियोजनाको लागि अलग्गै सब–इन्जिनियरलाई नियुक्त गर्नु पर्नेछ।

## ४. योजनाहरुमा निर्माण कार्यको प्राविधिक सुपरिवेक्षण तथा सहजीकरण :

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत फिल्डमा सञ्चालन हुने निर्माणका गतिविधिहरूको संख्याका आधारमा स्थानीय तहले परियोजनामा मात्र विशेष रूपमा कार्य गर्ने गरी आवश्यक संख्यामा जलस्रोत प्राविधिक व्यवस्थापन गर्नुपर्नेछ। एक जना जलस्रोत प्राविधिकले भौगोलिक पहुँच र व्यवस्थापन क्षमताको आधारमा अधिकतम पाँचवटा निर्माण सम्बन्धि योजनाहरुमा काम गर्नु पर्नेछ ।

## ५. सामाजिक परिचालन र क्षमता विकास गतिविधिहरूः

परियोजनामा सामुदायिक स्तरमा विभिन्न सामाजिक परिचालन र क्षमता विकाससम्बन्धी गतिविधिहरू सञ्चालन गर्नुपर्ने हुन्छन् । फिल्डका सबै गतिविधिहरूमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको समावेश गरी कार्ययोजना बनाइ चरणबद्ध कार्यविधिका क्रियाकलापहरु सुनिश्चित गर्नु पर्नेछ। यसैले फिल्ड संयोजक र सामाजिक परिचालकहरू आवश्यक पर्नेछन्।

## ६. प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी गतिविधिहरूः

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाका गाउँपालिका/नगरपालिकाको प्राथमिकता प्राप्त जलाधारहरूमा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी गतिविधिहरू स्रोत संरक्षण, वृक्षारोपण र पुनःरोपण, भू क्षय, कटान तथा पहिरो नियन्त्रण, कृषि–वन आदिका क्रियाकलापहरु कार्यान्वयन गरिनेछ। यस्ता गतिविधिहरु सन्चालन गर्न प्राकृतिक स्रोत व्यवस्थापन विज्ञहरूको प्राविधिक मार्गदर्शन र सहयोगका आधारमा प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ताले योजना तर्जुमा, कार्यान्वयन, सामुदायिक वन उपभोक्ता समूहहरू, उपभोक्ता समितिहरू र लाभग्राहीहरूको क्षमता विकास, तालिम सन्चालनमा सहजीकरण गर्नेछन्। फिल्डमा गतिविधिहरू कार्यान्वयन गर्दा परियोजनाको चरणबद्ध पद्धति सम्बन्धि कार्यविधि र प्राकृतिक स्रोत व्यवस्थापन दृष्टिकोणको अनुसरण गर्नु पर्नेछ।

## ७. जीविकोपार्जन सम्बन्धी गतिविधिहरूः

जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाले गाउँपालिका/नगरपालिकाको प्राथमिकता प्राप्त जलाधार क्षेत्रमा कृषि उत्पादन (on-farm) तथा कृषि बजारीकरण (off-farm) दुवै प्रकारका जीविकोपार्जन गतिविधिहरू कार्यान्वयन गर्नेछ। यस्ता गतिविधिहरूमा घर बगैंचा व्यवस्थापन, व्यावसायिक तरकारी खेती, मूल्य शृङ्खला स्थापना, कृषि—वन,लघु उद्यम तथा अन्य सान्दर्भिक क्रियाकलापहरु परियोजनाको वार्षिक कार्यक्रममा समावेश गरिएको हुन्छ ।यसका अतिरिक्त जलाधार तथा गाउँपालिका/नगरपालिका भित्रका अगुवा कृषकहरू, उपभोक्तासमितिहरू , सामुदायिक वन उपभोक्ता समूहहरू र अन्य सम्बन्धित पक्षहरूको क्षमता विकास गर्नु पनि प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता तथा फिल्ड संयोजकको प्रमुख जिम्मेवारी हुनेछ। यस उद्देश्यका लागि कृषि वन, कृषि, मूल्य शृङ्खला र लघु उद्यम व्यवस्थापनमा अनुभव भएको प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता तथा फिल्ड संयोजकलाई गाउँपालिका/नगरपालिकाले परियोजनाका लागि विशेष रूपमा नियुक्ती गर्नु पर्नेछ, जसले ती गतिविधिहरूको सहजीकरण र कार्यान्वयनमा महत्वपुर्ण जिम्मेवारी निर्वाह गर्नेछन्।

तालिका १ः स्थानीय तहमा आवश्यक जनशक्ति तथा कर्मचारीहरु

| क्र.सं. | भूमिका | आवश्यक मानव जनशक्ति |
|---|---|---|
| १ | **परियोजना तथा वित्तीय व्यवस्थापन** | १.प्रमुख प्रशासनिक अधिकृत (आंशिक समय)<br>२.पूर्वाधार विकास शाखा प्रमुख (आंशिक समय)<br>३.कृषि शाखा प्रमुख (आंशिक समय)<br>४.वातावरण शाखा (आंशिक समय)<br>५.लेखा अधिकृत/लेखापाल (आंशिक समय) |
| २ | **परियोजना प्रतिवेदन, फिल्ड व्यवस्थापन तथा टोली परिचालन** | परियोजना अधिकृत — जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाका लागि पूर्णकालिन (अधिकृत — छैटौं तह) |
| ३ | **इन्जिनियरिङ सर्वे, डिजाइन लागत इष्टिमेट तथा मूल्यांकन** | सब—इन्जिनियर — जलस्रोत सम्बन्धी योजनाहरूमा (खानेपानी तथा सरसफाइ, सिँचाइ तथा बायो इन्जिनियरिङ) अनुभव भएको (सहायक — पाँचौं तह)<br>*(परियोजना प्राविधिक सहायता टोलीबाट तोकिएको प्राविधिक अधिकृतका अतिरिक्त)* |
| ४ | **योजनाहरुमा निर्माण कार्यको प्राविधिक सुपरिवेक्षण तथा सहजीकरण** | जलस्रोत प्राविधिक–खानेपानी सरसफाइ तथा सिँचाइ क्षेत्रमा अनुभव भएको — आवश्यक संख्या वार्षिक कार्यक्रममा योजनाको संख्या, आकार तथा कार्यभार र भौगोलिकताका आधारमा निर्धारण गरिनेछ।<br>(सहायक — चौथो तह) |

| | | |
|---|---|---|
| ५ | **सामाजिक परिचालन, क्षमता विकास तथा चरणबद्ध कार्यविधि र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण दृष्टिकोणको कार्यान्वयन** | फिल्ड संयोजक — खानेपानी तथा सरसफाई, प्राकृतिक स्रोत व्यवस्थापन (वन वा कृषि), योजना तर्जुमा, समुदाय परिचालन, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण र तालिम सहजीकरणमा अनुभव भएको (अधिकतम १ जना प्रति गाउँपालिका/नगरपालिका, आवश्यकता अनुसार)<br>(सहायक — पाँचौं तह)<br>सामुदायिक परिचालक — खानेपानी तथा सरसफाई, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा र समुदाय परिचालनमा अनुभव भएको (अधिकतम २ जना प्रति गाउँपालिका/नगरपालिका)<br>(सहायक — चौथो तह) |
| ६ | **जीविकोपार्जन, प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी तालिम तथा गतिविधिको कार्यान्वयन** | प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता— कृषि/वन/कृषिवन पृष्ठभूमि भएको<br>(प्रवीण डिप्लोमा/१०+२ कृषि वा वन र तीन वर्षको कार्य अनुभव)<br>(सहायक — पाँचौं तह) (१ जना प्रति गाउँपालिका/नगरपालिका)<br>टिप्पणीः वन वा कृषि क्षेत्रको जनशक्ति व्यवस्थापन फिल्ड सयोजकको कार्य विवरणसँग मिलान हुने गरी वार्षिक कार्यक्रमको कार्यभार अनुसार परियोजना व्यवस्थापन समितिले निर्धारण गर्नेछ। |

सबै पदहरू परियोजना अवधि र विशेष गरी परियोजनाका गतिविधिहरु कार्यान्वयन गर्नका लागि वार्षिक कार्य सम्पादनमा आधारित करार सेवामा नियुक्ती गरिनेछन् । परियोजना बहिर्गमन भएपछि ती कर्मचारीहरूलाई निरन्तरता दिन कुनै स्थानीय सरकारहरु जिम्मेवार हुने छैनन्।

## ३. स्थानीय तह परियोजना कार्यान्वयन एकाइ जनशक्ति पदपुर्तिको चरणहरु

परियोजनाको उद्देश्य हासिल गर्न स्थानीय सरकारहरूले वार्षिक लक्ष्य अनुसार परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्नका लागि कर्मचारीहरू नियुक्त गर्न सक्छन्, जुन प्रक्रिया गर्दा परियोजनाको कार्यपद्धति, कार्यविधि र मापदण्डहरूको अनुपालन सुनिश्चित गर्नु पर्दछ। कर्मचारी पदपुर्तिमा लाग्ने समय र कुशल विधिको आवश्यकतालाई मध्ये नजर गर्दै, प्रत्येक स्थानीय तहको परियोजना व्यवस्थापन समितिको निर्णयको आधारमा परियोजना क्लस्टर भित्रका गाउँपालिका/नगरपालिका कार्यान्वयन एकाइ कर्मचारी पदपुर्ति प्रक्रिया पनि संयुक्त रूपमा सञ्चालन गर्न सक्ने छन्। यस्तो संयुक्त प्रक्रियामा, प्रत्येक स्थानीय तहले आफ्नो आवश्यकता बमोजिमको पदहरुको सूचना स्वय प्रकाशित गर्ने छन् र परियोजना क्लस्टर प्राविधिक सहयोग एकाइमा सिलबन्दीरुपमा

आवेदनहरु सङ्कलन गरिने छन्। यस कार्यविधि अनुसार नै प्रत्येक स्थानीय तहको कर्मचारी पदपुर्ति समितिबाट छुट्टाछुट्टै छोटो सूची प्रकाशन तथा अन्तर्वार्ता लिने छन्। यद्यपि क्लस्टर भित्र फरक गाउँपालिका/नगरपालिकामा समान पदको लागि प्रतिष्पर्धा गर्न आवेदन दिइ छोटो सूचीमा परेका सबै उम्मेदवारहरूको संयुक्त रूपमा साझा लिखित परीक्षा लिइनेछ। त्यसपछि कर्मचारी पदपुर्ति समितिले अन्तिम छनौट गरिएका उम्मेदवारहरू र वैकल्पिक सूची सहित सम्बन्धित परियोजना व्यवस्थापन समितिलाई सिफारिस गर्नेछन्। तल उल्लिखित चरणहरू संयुक्त (क्लस्टर-स्तर) तथा एकल पदपुर्ति प्रक्रिया दुवैमा पालना गर्नु पर्दछ।

चरण १: आर्थिक वर्षको वार्षिक कार्यक्रममा रहेको कार्य भार र बजेट क्षमताको आधारमा, स्थानीय तह भित्र परियोजना सम्बन्धित गतिविधिहरू कार्यान्वयन गर्न आवश्यक कर्मचारीहरुको सङ्ख्या परियोजना व्यवस्थापन समितिले निर्धारण गर्नेछ।

**चरण २:** सर्वप्रथम परियोजना व्यवस्थापन समितिले स्थानीय तहका नियमित पूर्णकालिन कर्मचारीमध्येबाट परियोजनाका गतिविधिहरुको कार्यान्वयन जिम्मेवारी दिन सकिने सम्भावना छ कि भनि विश्लेषण गर्नु पर्दछ । यस विश्लेषणको आधारमा, परियोजना व्यवस्थापन समितिले आवश्यक जनशक्ति तथा कर्मचारीहरुको प्रकार र संख्या निर्धारण गर्नेछ।यसो गर्दा परियोजना व्यवस्थापन समितिले विध्यमान कर्मचारीहरुलाइ परियोजनाको जिम्मेवारी तोक्न सकिने पद पहिचान गरी थप गर्नु पर्ने आवश्यक पालिका परियोजना एकाइ कर्मचारीहरुको पदपुर्ति गर्नु पर्दछ । थप गरिने यस्ता पालिका एकाइ कर्मचारीहरुको व्ययभार अनुमोदन गरिएको बार्षिक कार्यक्रमको आधारमा प्राकृतिक स्रोत विकास कोषबाट व्योहोरिनेछ । महत्त्वपूर्ण कुरा के हो भने, परियोजनाकोलागि तोकिने नियमित कर्मचारीको न्यूनतम शिक्षा र अनुभव यस कार्यविधिले तोके बमोजिम अनिवार्य पूरा भएको हुनु पर्दछ, ताकि समुदायस्तरमा परियोजनाका गतिविधिहरू प्रभावकारी रूपमा सहजीकरण भएको सुनिश्चत हुनेछ । आवश्यक सबै पदहरूको विस्तृत कार्यविवरण **अनुसूचि १** मा प्रदान गरिएको छ।

**चरण ३:** परियोजना व्यवस्थापन समितिले तीन सदस्यीय पदपूर्ति समिति गठन गर्नेछ, जस मध्ये दुइ जना सदस्य जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्राविधिक सहायता टिमबाट (एक जना परियोजना सहयोग इकाइ प्रतिनिधि र एक जना क्लस्टर प्राविधिक सहयोग इकाइ प्रतिनिधि) र एक जना सदस्य स्थानीय तहबाट मनोनित हुनेछन् । पदपूर्ति समितिको संयोजक स्थानीय तहबाट हुनेछन्। स्थानीय तहबाट तोकिने संयोजकको पद, पदपूर्ति गरिने तह भन्दा एक तह माथिल्लो हुनु पर्दछ । अन्तर्वाता प्रक्रियामा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विशेषज्ञहरुलाइ आमन्त्रण गर्न सकिनेछ । पदपूर्ति प्रक्रियाको प्रारम्भिक छोटो सुचिको कार्य सुरु हुनु अघि नै छोटो सूचि**,** लिखित परीक्षा, अन्तर्वार्ता र अन्तिम नतिजाको अङ्कभारको आधार तथा फारमहरु परियोजना व्यवस्थापन समिति द्वारा अनुमोदन गर्नु पर्दछ ।

**चरण ४: पदपूर्तिको दरखास्त आह्वानको सूचना :** स्थानीय तहबाट कम्तीमा १५ दिनको सूचना अवधि तोकेर स्थानीय र/वा क्षेत्रीय पत्रिका वा राष्ट्रिय पत्रिकामा आवश्यक योग्यता र अनुभवहरू उल्लेख गरी दरखास्त आह्वानको सूचना प्रकाशित गर्नु पर्नेछ। सो सूचना गाउँपालिका/नगरपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको वेबसाइट र/वा अनलाइन पोर्टलमा पनि प्रकाशित गर्नुपर्नेछ। पदपुर्ति दरखास्त आह्वान सूचनाको नमूना **अनुसूचि** ४ र दरखास्त फारमको नमूना **अनुसूचि ५** मा प्रस्तुत गरिएको छ।

**चरण ५: छोटो सूचि :** पदपूर्ति समितिले प्राप्त आवेदनहरूलाई सलग्न प्रमाणहरूका आधारमा मूल्याङ्कन गर्ने छन् र सम्भव भएसम्म १:३ अनुपातमा उम्मेदवारहरूको छोटो सूची तयार पार्ने छन्। मूल्याङ्कनका लागि अङ्कभारको मापदण्डहरू तल दिइए अनुसार हुनु पर्नेछ। वैयक्तिक विवरण मूल्याङ्कनका मापदण्डहरू **अनुसूचि ६** मा प्रस्तुत गरिएका छन्।

प्रकाशित सूचनामा तोकिएको न्यूनतम योग्यता, अनुभव** र मापदण्ड पुरा नभएका उम्मेदवारहरूको सुचि बनाइ कार्यविधिको तालिका २ मा उल्लेखित मापदण्ड अनुसार हटाउनु पर्दछ र ,

योग्यता पुगेका उम्मेदवारहरूको थप मूल्याङ्कन तल प्रस्तुत गरिएका आधारहरूमा रहेर तोकिएको मूल्याङ्कन फारमको प्रयोग गरी गरिनेछ। सबै मापदण्डहरुमा अङ्क प्रदान गर्दा पेश भएका प्रमाणहरूका आधारमा मात्र गरिनेछ र कार्य अनुभवको गणना गर्दा इन्टर्न वा प्रशिक्षण प्रशिक्षार्थी अवधि वा स्वयंसेवकको कार्य अनुभवलाई गणना गरिने छैन।

| | |
|---|---|
| **शैक्षिक योग्यता–** | **१० अंक** |
| **सम्बन्धित क्षेत्रको कार्य अनुभव तथा तालिम –** | **६० अंक** |
| **लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण–** | **३० अंक** |

उम्मेदवारहरूको प्राप्ताङ्कको आधारमा वरियता सूची तयार गरिनेछ र (१:३ अनुपातमा) उच्च अंक प्राप्त उम्मेदवारहरूलाई एकै दिन लिखित परीक्षा र अन्तर्वार्ता हुने गरी जानकारी गराइनेछ। छनोट सूचीमा परेका उम्मेदवारहरूको नामवली गाउँपालिका/नगरपालिकाको सूचनापाटिमा प्रकाशित गरिनेछ।

** *मूल्याङ्कन समितिले यस अघिका फिनल्याण्ड सरकारको सहयोगमा सञ्चालित परियोजनाहरूमा काम गर्दा सन्तोष जनक कार्यसम्पादन नभएका वा विगतमा परियोजनाका आचारसंहिताको गम्भीर उल्लङ्घन गरेका उम्मेदवारहरूलाई अयोग्य घोषित गर्न सक्छ।*

**चरण ६: लिखित परीक्षा र अन्तर्वार्ता:** मूल्याङ्कन टोलीले लिखित परीक्षा र अन्तर्वार्ता एउटै दिनमा सञ्चालन गर्नेछ। लिखित परीक्षाको प्रश्नपत्र क्षेत्रगत विशेषज्ञहरूको सहयोगमा गोप्यता कायम गरी तयार गरिनेछन्। परीक्षामा वस्तुगत तथा विषयगत दुबै प्रकारका प्रश्नहरू सोधिनेछन् र वस्तुगत प्रश्नहरूमा गलत जवाफको ऋणात्मक अंक

प्रणाली लागू गरिनेछ। छनोट सूचीमा परेका सबै उम्मेदवारहरूको अन्तर्वार्ता पनि लिखित परीक्षा भएको दिनमा नै गरिनेछ। अन्तर्वार्ताका लागि लोक सेवा आयोगको अंक मानक प्रणाली लागू गरिनेछ।

**चरण ७: अन्तिम मूल्याङ्कन:** सबै परीक्षा सम्पन्न भएपछि, उम्मेदवारहरूले प्राप्त गरेको अंकलाई तल उल्लेखित अनुपातका आधारमा गणना गरिनेछ।

- **वैयक्तिक विवरण (CV) मूल्याङ्कन– १५ प्रतिशत**
- **लिखित परीक्षा मूल्याङ्कन– ५० प्रतिशत**
- **अन्तर्वार्ता मूल्याङ्कन– ३५ प्रतिशत**

सबै प्रक्रियाहरू सम्पन्न भएपछि, मूल्याङ्कन समितिले तत्काल नतिजालाई अन्तिम रूप दिई सिफारिस सहित परियोजना व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ। सिफारिस सूची पेश गर्दा वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरूको नामावली समेत सिफारिस गर्नु पर्नेछ। यो वैकल्पिक सूची पदपूर्ति भएको मिति देखि छ महिनासम्म मान्य रहनेछ। परियोजना व्यवस्थापन समितिले गाउँपालिका/नगरपालिकालाई उस्तै प्रकृतिको जनशक्ति आवश्यकता परेमा, वैकल्पिक सूचीको वैधता अवधिभित्र वरियताक्रमका उम्मेदवारलाइ नियुक्ति गर्ने निर्णय गर्न सक्नेछ। लिखित परीक्षा र अन्तर्वार्ताका लागि अङ्क भारको मापदण्डहरू सहितको फारामहरू **अनुसूची** ७ मा प्रस्तुत गरिएको छ।

**चरण ८:** परियोजना व्यवस्थापन समितिले पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति सम्बन्धी निर्णय गर्नेछ र छनौट भएका उम्मेदवारहरूको नाम सहित कम्तीमा एक जना वैकल्पिकमा रहेका उम्मेदवारको नाम प्रकाशित गर्नेछ।

**चरण ९:** गाउँपालिका/नगरपालिका कार्यालयले सफल उम्मेदवारहरुलाई वार्षिक कार्यसम्पादनमा आधारित करार सम्झौता (निर्धारित ढाँचामा) गरी नियुक्त गर्नेछ। हरेक वर्ष करार अवधि नविकरण गर्ने निर्णय गर्दा कर्मचारीको वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा र गाउँपालिका/नगरपालिकाको आगामी वर्षको वार्षिक कार्यभारको लागि सो पदको आवश्यकताको आधारमा हुनेछ। यदि आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रममा सो पदसँग सम्बन्धित गतिविधिहरू योजना गरिएको छैन भने, ती कर्मचारीहरूको करार नवीकरण गरिने छैन। सेवा करार सम्झौताको नमूना **अनुसूची ८** मा प्रस्तुत गरिएको छ।

# ४. छोटो अवधिका सेवा प्रदायकहरूको छनौट प्रक्रिया

सामान्यतया छोटो अवधिका सेवाप्रदायकहरू रोस्टर वा अघिल्लो पदपूर्ति प्रक्रियाको वैकल्पिक सूचीबाट छनौट गर्न सिफारिस गरिन्छ। परियोजना व्यवस्थापन समितिले पदपुर्ति प्रक्रियामा प्रतिस्पर्धा गरेका उम्मेदवारहरूको सूची लाइ रोस्टर बनाइ प्रयोग गर्न सक्नेछ। परियोजना व्यवस्थापन समितिले त्यस्ता उम्मेदवारहरूलाई नियुक्त गर्नु अघि, वैयक्तिक विवरण मूल्याङ्कन, लिखित परीक्षा र अन्तर्वार्ता मार्फत उम्मेदवारको क्षमता सुनिश्चित गर्नुपर्नेछ। यस्ता सेवाप्रदायकहरूसँग नतिजामा-आधारित करार गर्न सिफारिस गरिन्छ। यस्ता सेवाप्रदायकहरूको कार्यकाल अधिकतम छ महिनासम्मको रहनेछ। कुनै पनि छोटो अवधिका सेवाप्रदायकलाई पालिका एकाइका अन्य कर्मचारीहरूको नियमित कामलाइ पूरा गर्नका लागि नियुक्त गर्न पाइने छैन। यस्ता सेवाप्रदायकको सेवा शुल्क गाउँपालिका/नगरपालिकामा कार्यरत विद्यमान पालिका एकाइ कर्मचारीहरुको सेवा सुविधा भन्दा बढी हुनु हुदैन। छोटो अवधिका सेवाप्रदायकहरूलाई आधारभूत सेवा शुल्क बाहेक अन्य सेवा सुविधा प्रदान गरिने छैन।

तालिका २ः गाउँपालिका/नगरपालिका परियोजना कार्यान्वयन एकाइमाका लागि आवश्यक जनशक्तिहरुको आधारभूत आवश्यकताहरू

| क्र.स | पद | तह/सख्या | काम गर्ने स्थान | न्यूनतम योग्यता तथा सम्बन्धित क्षेत्रको कार्य अनुभव |
|---|---|---|---|---|
| १ | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अधिकृत | अधिकृत — छैठौं स्तर — १ | गाउँपालिका/नगरपालिका कार्यालय | सम्बन्धित विषयमा स्नातक तह। खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि क्षेत्रमा योजना तर्जुमा,क्षमता विकास क्रियाकलापहरुमा कम्तीमा ५ वर्षको अनुभव। |
| २ | फिल्ड संयोजक | सहायक — पाँचौं स्तर — अधिकतम १, गाउँपालिका/नगरपालिका परियोजना कार्यभार अनुसार | गाउँपालिका/नगरपालिका कार्यालय | प्रविणता तह वा उच्च माध्यमिक १०+२ तह कृषि वा वन वा ग्रामीण विकास वा सामाजशास्त्र वा सो सरह<br>खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि क्षेत्रमा योजना तर्जुमा,क्षमता विकास क्रियाकलापहरुमा कम्तीमा ५ वर्षको अनुभव। |
| ३ | सब इन्जिनियर | सहायक — पाँचौं स्तर — १ | गाउँपालिका/नगरपालिका कार्यालय वा वडा कार्यालय | सिभिल इन्जिनियरिङ डिप्लो तह ।<br>खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि तथा जीविकोपार्जन गतिविधिका इन्जिनियरिङ सर्वे, डिजाइन र योजना निर्माण सुपरिवेक्षणमा कम्तीमा ३ वर्षको अनुभव। |
| ४ | प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता | सहायक — पाँचौं स्तर — १ | गाउँपालिका/नगरपालिका कार्यालय वा वडा कार्यालय | कृषि वा वनमा प्रवीण डिप्लोमा<br>वन,कृषि वन, प्राकृतिक स्रोत व्यवस्थापन तथा जीविकोपार्जन सम्बन्धि गतिविधिहरूको योजना तर्जुमा र कार्यान्वयनमा कम्तीमा ३ वर्षको अनुभव। |

| | | | | |
|---|---|---|---|---|
| ५ | जलस्रोत प्राविधिक | सहायक — चौथो स्तर — २—३* | योजना स्तर वा वडा कार्यालय | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस. इ. इ./एस. एल. सी. वा मान्यता प्राप्त संस्था/परियोजनाबाट कम्तीमा ३० दिने खापासटे तालिम प्राप्त।<br>खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा ५ वर्षको अनुभव। |
| ६ | सामाजिक परिचालक | सहायक — चौथो स्तर — २—३* | योजना स्तर वा वडा कार्यालय | एस. इ. इ./एस. एल. सी. वा सो सरह ।<br>खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन,योजना तर्जुमा आदिमा कम्तीमा २ वर्षको अनुभव। |

* खानेपानी सरसफाइ, सिँचाइ र अन्य पुर्वाधारका योजनाहरूको सख्या तथा कार्यभारको आधारमा जनशक्ति सख्या निर्धारण गरिने

# ५. स्थानीय सरकार परियोजना कार्यान्वयन एकाइ जनशक्ति परिचालन

## ५.१ वार्षिक कार्य योजना तर्जुमा:

- गाउँपालिका/ नगरपालिकाको आर्थिक वर्षको वार्षिक कार्यक्रम लाइ आधार मानेर परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूले व्यक्तिगत कार्य योजना तयार गरी फिल्डमा परियोजना गतिविधिहरु कार्यान्वयन गर्नेछन्।

- गाउँपालिका/नगरपालिकाबाट वार्षिक कार्यक्रम अनुमोदन भइसकेपछि, विभिन्न कार्यक्रमहरूको चरणबद्ध कार्यविधिअनुसार प्रत्येक गतिविधिका विस्तृत चरणहरू सूचीबद्ध गरी पालिका परियोजना कार्यान्वयन एकाइका कर्मचारीहरूको वार्षिक करारको अनुसूचीका रूपमा समावेश गरिनेछन तथा यसकै आधारमा पालिका परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूको वार्षिक कार्यसम्पादन मूल्याङ्कन हुनेछ। वार्षिक कार्ययोजना लाइ फिल्डस्तरमा व्यवहारिक र हासिल गर्न योग्य बनाउन सुनिश्चित गर्न सबै चरणबद्ध गतिविधिहरू, समयसीमा, जिम्मेवार व्यक्ति/संस्था, आवश्यक बजेट, अपेक्षित जनश्रमदान लगायतका पक्षहरू समावेश हुनुपर्छ। योजना तर्जुमा गर्ने प्रक्रियामा लाभान्वित समुदायहरूको मौसमी (कृषि) पात्रोलाई समेत ध्यानमा राखिनुपर्छ।

- आर्थिक वर्षको वार्षिक कार्यक्रममा तर्जुमा गरिएका सबै गतिविधिहरूलाई चौमासिक कार्य योजनामा विभाजन तथा प्राथमिकता गरी सो अनुसार कार्यान्वयन गर्नु पर्दछ।

- स्थानीय तह तथा क्लस्टरस्तरमा हुने द्वैमासिक/अर्ध बार्षिक प्रगति समीक्षा र योजना तर्जुमा बैठकहरू मार्फत पालिका परियोजना कार्यान्वयन एकाइ कर्मचारीहरूले चौमासिक कार्य योजनाको आधारमा, मासिक र द्वैमासिक कार्य योजनाहरु तयार गर्नेछन्। यी बैठकहरू पालिका परियोजना कार्यान्वयन एकाइले प्राविधिक सहायता सल्लाहकार र प्राकृतिक स्रोत व्यवस्थापन विशेषज्ञको सहभागितामा सञ्चालन गर्ने छन् । पालिका परियोजना कार्यान्वयन एकाइ कर्मचारीले सहमत गरेको मासिक र द्वैमासिक कार्य योजनाहरुलाई कडाइका साथ पालन गर्नु पर्नेछ । हरेक कर्मचारीले आफ्नो प्राथमिकता तथा समय उपयुक्त रूपमा विभाजन गर्नु पर्नेछ। चरणबद्ध कार्यविधिको पालना गर्दै गरिने गतिविधिहरूको उचित समय र गुणस्तर कायम राखी फिल्डमा सम्पन्न गरेको क्रियाकलापहरुलाइ वार्षिक कार्यसम्पादन मूल्याङ्कनको मुख्य मापदण्ड मानिनेछ।

- सबै योजना-स्तरका गतिविधिहरू प्रत्येक योजनाका लागि तयार गरिएको सामुदायिक कार्य योजना बमोजिम कार्यान्वयन गरिनेछ। विस्तृत मार्गदर्शनका लागि सम्बन्धित चरणबद्ध कार्यविधिहरु हेर्न अनुरोध गरिन्छ ।
- खानेपानी तथा सरसफाइ, वन, कृषि र प्राकृतिक स्रोत व्यवस्थापन गतिविधिहरूको सहज कार्यान्वयन गर्नका लागि स्थानीय स्तरमा उपलब्ध उत्कृष्ट अनुभव, सीप र क्षमताको उपयोग हुने गरी स्थानीय स्रोत व्यक्तिहरुलाई प्राकृतीक स्रोत विकास कोषबाट परिचालन गरिनेछ।

## ५.२ प्रतिवेदन

पालिका परियोजना एकाइ कर्मचारीहरूले निम्न प्रतिवेदनहरू गाउँपालिका/नगरपालिका एकाइ मार्फत परियोजना व्यवस्थापन समितिलाइ पेश गर्नु पर्नेछन् ।

**मासिक प्रगति प्रतिवेदन:** प्रत्येक महिना तोकिएको ढाँचामा मासिक प्रतिवेदनहरु पेश गर्नुपर्नेछ र नियमित मासिक बैठक भन्दा पहिले प्राप्त भइ सकेको हुनुपर्छ। प्रतिवेदनमा समावेश गर्नुपर्ने विवरणहरू :

1. प्रतिवेदन अवधिमा कार्य योजना अनुसारको प्रगति
2. आगामी महिनाको कार्य योजना
3. सामना गरिएको समस्याहरू
4. महत्त्वपूर्ण सवालहरु
5. आवश्यक सहयोग/सहजीकरणका सम्भावना तथा स्रोतहरू

साथै, यी प्रतिवेदनहरुले योजना-स्तरको स्पष्ट भौतिक प्रगति, वित्तीय स्थिति, र पालिका परियोजना एकाइ कर्मचारीको कार्य दिनहरू सम्बन्धी विस्तृत जानकारी दिनुपर्छ। मासिक बैठकमा गरिने प्रगति समीक्षा र कार्य योजनाको छलफल फिल्ड टिम द्वारा पेश गरिने प्रतिवेदनहरूको प्रस्तुतीको आधारमा गरिनेछ।

**अन्य विशेष कार्यक्रमहरु सम्बन्धी प्रतिवेदनहरू :** अन्य विशेष कार्यक्रम तथा गतिविधिहरु सम्पन्न हुनासाथ प्रतिवेदन पेश गर्नुपर्नेछ।

## ५.३ फिल्ड अनुगमनः

पालिका परियोजना एकाइ कर्मचारीहरूले सञ्चालन गरेका फिल्ड गतिविधिहरूको अनुगमन परियोजना कार्यान्वयन म्यान्यूअलमा उल्लेख भए अनुसार गरिनेछ। यस्ता अनुगमन भ्रमणमा पालिका एकाइ कर्मचारी टोलीले सक्रिय रूपमा सहभागी हुनुपर्दछ। पालिका परियोजना एकाइ कर्मचारीद्वारा प्रदान गरिने सेवाको गुणस्तर जाँच तथा मूल्याङ्कन गर्न तलका अनुगमन भ्रमणहरू गरिनु पर्छः

**योजना स्तरको अनुगमनः** योजना स्तरको अनुगमन चरणबद्ध कार्यविधि अनुसार सञ्चालन गरिनेछ। योजनाको फिल्ड अवलोकन गरी संकलन गरिएको प्रगति, सुझाव तथा सवालहरु पालिका एकाइ कर्मचारीलाई प्रदान गरी कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइनेछ। योजनास्तरमा गरिने लिखित सुझाव र सिफारिसहरू फिल्ड टोलीलाई प्रदान गरिनेछन् र ती सिफारिसहरू अर्को भ्रमणमा कार्यान्वयन भए/नभएको सुनिश्चित गरि प्रमाणिकरण गरिनेछन्। योजना स्तरको अनुगमन टोलीका सदस्यहरु परियोजना व्यवस्थापन समितिद्वारा मनोनित गरिनेछ।

**स्थानीय सरकार स्तरको अनुगमनः** स्थानीय सरकार स्तरको अनुगमन वार्षिक रूपमा अनुगमन कार्य दलबाट गरिन्छ। अनुगमन टोलीले स्थानीय तहका सबै गतिविधि तथा पक्षहरू अवलोकन र अनुगमन गर्नेछ । प्रगति गरिएको गतिविधिहरुको गुणस्तर, परिमाण, तथा सम्पन्न प्रक्रियाहरू सहभागितामूलक ढङ्गले भए/नभएको आमभेला, समूह केन्द्रित छलफल, गुणस्तर निरीक्षण,लेखाजोखा तथा अभिलेख निरीक्षण मार्फत अनुगमन गरिनेछ। अनुगमनका सिफारिस तथा निष्कर्षहरू अनुगमन पुस्तकमा उल्लेख गरी सबै टोली सदस्यहरूले हस्ताक्षर गर्नेछन्। लिखित सुझाव र सिफारिसहरू फिल्ड टोलीलाई प्रदान गरिनेछन् र ती सिफारिसहरू आगामी भ्रमणमा कार्यान्वयन भए/नभएको सुनिश्चित गरी प्रमाणिकरण गरिनेछन्। यो वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधिकारिक दस्तावेज समेत हुनेछ ।

**फलो अप र विशेष भ्रमण** : औपचारिक अनुगमन भ्रमणका अतिरिक्त, स्थानीय सरकार, परियोजना समन्वय कार्यालय, परियोजना सहयोग इकाइ, र अन्य सम्बन्धित निकायहरूबाट पनि फिल्ड अनुगमन तथा भ्रमण गर्न सक्छन्। यस्ता भ्रमणको क्रममा भ्रमण गर्ने सदस्यहरूले पालिका एकाइ कर्मचारी टोलीसँग बैठक राखेछन्,फिल्ड प्रगतिबारे समीक्षा र अघिल्ला अनुगमन भ्रमणमा दिइएका सिफारिसहरूको कार्यान्वयन स्थितिबारे छलफल गर्नेछन्।

## ५.४ वार्षिक कार्यसम्पादन मूल्याङ्कन :

पालिका परियोजना एकाइ कर्मचारीहरूको कार्यसम्पादन प्रगति समीक्षा एक नियमित प्रक्रिया हो, भने पालिका परियोजना एकाइ कर्मचारीद्वारा वर्ष भरी गरिएको कार्यसम्पादनको आधारमा वार्षिक कार्यसम्पादन मूल्याङ्कन गरिनेछ। पालिका परियोजना एकाइ कर्मचारीहरूको कार्यसम्पादन विभिन्न योजनाहरूको प्रत्येक अनुगमन भ्रमणको क्रममा गरिने मूल्याङ्कन र तिनीहरूको प्रतिवेदन विश्लेषण गरेर गरिनेछ। वार्षिक रूपमा परियोजना व्यवस्थापन समितिले तोकेको टोलीले अन्तिम कार्यसम्पादन मूल्याङ्कन गर्नेछ। अन्तिम मूल्याङ्कन प्रतिवेदन परियोजना व्यवस्थापन समिति बाट प्रमाणित गर्नुपर्नेछ।

पालिका परियोजना एकाइ कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन हरेक पदको अलगै गरिनेछ। हरेक कर्मचारीको फिल्ड क्रियाकलापहरु र जिम्मेवारीको प्रकृति फरक फरक हुने कुरालाइ मध्य नजर गर्दै, अंकभार प्रणाली पदगत कार्य विवरण तथा जिम्मेवारीको आधारमा डिजाइन गरिनेछ। परियोजना नतिजाहरूको बुँदा र सहमति भएका कार्य विवरणसंगको अनुसूचि लक्ष्यलाई वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधार मानिनेछ। वार्षिक कार्यसम्पादन मूल्याङ्कन निम्न लिखित बुँदाहरुका आधारमा हुनेछ।

- पदिय जिम्मेवारीका लागि तर्जुमा गरिएका योजना तथा गतिविधिहरू तोकिएको समयमा सम्पन्न भएको
- सम्पन्न गरिएको कार्यको गुणस्तर
- चरणबद्ध कार्यविधि, परियोजना कार्यान्वयन म्यान्युअल र अन्य परियोजनाका कार्यविधिहरु तथा मापदण्ड अवलम्बन गरेको
- कर्मचारीको फिल्डमा नियमितता र नैतिक आचरण
- पेश गरेको प्रतिवेदन तथा प्रतिवेदनको गुणस्तर

बार्षिक कार्यक्रममा बजेट व्यवस्था भए बमोजिम बार्षिक कार्यसम्पादन मूल्याङ्कनमा पालिका परियोजना एकाइ कर्मचारीले ९० भन्दा बढी अंक प्राप्त गरी परियोजना व्यवस्थापन समितिबाट अनुमोदन भएमा वार्षिक आधारभूत तलबको १०% सम्म पुरस्कार पाउन सक्नेछन्। परियोजना व्यवस्थापन समितिले कार्यसम्पादन मूल्याङ्कनको परिणामको आधारमा पुरस्कार र दण्ड सजायको निर्णय गर्न तथा यसकै आधारमा आगामी आर्थिक वर्षका लागि कर्मचारीको करार अवधि थप गर्ने/नगर्ने भन्ने निर्णय समेत गर्न सक्नेछ।

# ६ अनसूचि १ : विभिन्न पदहरूको जिम्मेवारी र कार्यदिशहरू

## ६.१ लक परियोजना अधिकृत

| | |
|---|---|
| पद | लक परियोजना अधिकृत — अधिकृत छैठौं स्तर |
| रोजगारदाता | स्थानीय तहको कार्यपालिकाको कार्यालय |
| कार्य क्षेत्र | स्थानीय तहको कार्यपालिकाको कार्यालय, स्थानीय तह भित्र परियोजना कार्य क्षेत्रमा व्यापक फिल्ड अनुगमन भ्रमण गर्नु पर्ने, आवश्यक परेमा अन्य तोकिएका स्थानीय तहहरू पनि भ्रमण गर्नुपर्ने हुन सक्छ। |
| अवधि | वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने) |
| जवाफदेही हुनुपर्ने | प्रमुख प्रशासकीय अधिकृत |
| प्रतिवेदन गर्नुपर्ने | स्थानीय तहको परियोजना व्यवस्थापन समिति (प्रमुख प्रशासकीय अधिकृत र परियोजनाका प्राविधिक सहायता सल्लाहकार मार्फत) |
| शैक्षिक योग्यता | कम्तिमा सिभिल इन्जिनियरिङ, समाजशास्त्र, व्यवस्थापन, ग्रामीण विकास, प्राकृतिक स्रोत व्यवस्थापन, व्यावसाय अध्ययन वा अन्य सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण |

**कार्य अनुभवः**

- ग्रामीण क्षेत्रमा सामुदायिक विकास, योजना तर्जुमा र व्यवस्थापन, वा जीविकोपार्जन/जलस्रोत/ प्राकृतिक स्रोत व्यवस्थापन जस्ता गतिविधिहरूमा न्यूनतम ५ वर्षको कार्य अनुभव साथै स्थानीय तह अन्तर्गत काम गरेको अनुभव भएको हुनुपर्ने छ।
- समान प्रकृतिका विशेषगरी फिनल्याण्ड सरकार र युरोपेली संघको वित्तीय सहयोगमा संचालित परियोजनाहरूमा काम गरेको अनुभवलाई अतिरिक्त ग्राह्यता दिइने छ।

**अन्य दक्षताहरूः**

- सामाजिक परिचालन र तालिमहरू सहजीकरण गर्ने उत्कृष्ट दक्षता भएको ।
- अंग्रेजी र नेपालीमा राम्रो लेख्न र बोल्न सक्ने साथै स्थानीय भाषामा राम्रो दक्षता
- नेपाली र अंग्रेजीमा प्रतिवेदन लेखनमा राम्रो सीप

- कम्प्युटर सीप (MS Windows) मा राम्रो दक्षता
- अनलाइन वेब-वेस र मोवाइल एपमा प्रतिवेदन गर्ने दक्षता

**काम, कर्तव्य र जिम्मेवारीहरू**

- गाउँपालिका/नगरपालिकाहरू लाई विभिन्न योजना तर्जुमा र रणनीतिहरू (जल स्रोत, जीविकोपार्जन, कृषि-वन, जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम न्युनिकरण/व्यवस्थापन, मर्मत सँभार तथा दिगोपना, व्यवस्थापकीय सुचना प्रणाली, आदि) तयारी तथा तर्जुमा गर्न योगदान पुऱ्याउने, सहयोग गर्ने र प्रोत्साहित गर्ने साथै प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने।
- गाउँपालिका/नगरपालिका भित्रका सरकारी अधिकारीहरू र निर्णय कर्ताहरूलाई परियोजना अन्तर्गत उपलब्ध विकासका अवसरहरूबारे जानकारी गराउने।
- परियोजनाका गतिविधिहरूको संयुक्त कार्यान्वयनमा प्रोत्साहित र सहयोग गर्ने।
- परियोजनाका गतिविधिहरूसँग सम्बन्धित वार्षिक कार्यक्रम, अनुगमन र प्रतिवेदन तयार पार्न गाउँपालिका/नगरपालिकालाई सहयोग गर्ने।
- प्राकृतिक स्रोत विकास कोष (NRDF) को स्थिति सहित विभिन्न गतिविधिहरूको प्रगति प्रतिवेदन तयारी, संयोजन तथा प्रमाणित गरि स्थानीय तहको परियोजना व्यवस्थापन समिति लाई पेश गर्ने र संकलन गरिएका तथ्यांकहरुको गुणस्तरियाता सुनिश्चित गर्ने।
- क्लस्टर कार्यालय/परियोजना सहयोग एकाई मार्फत सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाइ पेश गर्नु पर्ने मासिक/चौ-मासिक/अर्ध-वार्षिक/वार्षिक प्रतिवेदनहरु तयारमा सहयोग गर्ने।
- परियोजनाका सबै गतिविधिहरूको कार्यान्वयन तथा सञ्चालन परियोजना कार्यान्वयन निर्देशिका र चरणवद्ध कार्यविधि अनुसार भए नभएको सुनिश्चित गर्ने।
- फिल्डमा विशेष गरी योजना छनौट, तयारी चरण, निर्माण चरण, निर्माण पश्चातको चरण तथा अन्य निर्णय प्रक्रियाहरूमा परियोजनाको लैंगिक समानता अपाङ्गता सामाजिक समावेशीकरण र मानव अधिकारमा आधारित सिद्धान्त सही रूपमा लागू भइरहेका छन् कि छैनन् सुनिश्चित गर्ने।
- परियोजनाको आर्थिक सहयोगमा कार्यान्वयन हुने सबै खालका योजनाहरू स्थानीय सरकारको समावेशी सात-चरण योजना तर्जुमा प्रक्रियालाई पालन गरि छनौट हुने सुनिश्चित गर्ने।
- वडा समिति, टोल विकास समिति, सामुदायिक वन उपभोक्ता स,समिति र अन्य सरोकारवालासँग नजिकको समन्वयकारी भूमिका बहन गर्दै योजना तर्जुमा प्रक्रिया सहज बनाउन परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका कर्मचारीहरू लाई परिचालन गर्ने।
- परियोजना द्वारा तयार गरिएको व्यवस्थापन सुचना प्रणाली स्थानीय तहका कर्मचारीहरूलाई पहुँचमा सहयोग तथा प्रयोग गर्नमा सहयोग गर्ने र नतिजा समयमै प्रतिवेदन गराउने साथै आवश्यक परेको

खण्डमा स्थानीय तहको लेखा अधिकृतलाई प्राकृतिक स्रोत विकास कोष (NRDF) को वित्तीय प्रतिवेदन तयारमा सहयोग गर्ने।

- गाउँपालिका/नगरपालिका कर्मचारीहरू र निर्णय कर्ताहरूलाई परियोजनाको मार्गदर्शन र नीतिहरूबारे जानकारी दिनु।
- गाउँपालिका/नगरपालिका भित्रमा संभावित सहकार्य र स्रोत साझा गर्न अन्य संघ संस्थाहरू सँग समन्वय गर्ने।
- परियोजना टोली, स्थानीय कर्मचारीहरू, जिल्ला वन अधिकृत र अन्य सरोकारवाला बीच सहकार्य र सद्भाव कायम राख्दै योजना गरिएका गतिविधिहरू समयमै सम्पन्न हुने सुनिश्चित गर्ने।
- स्थानीय तहका कर्मचारीहरू/सरोकारवालाहरू/वडाहरूमा क्षमता विकास आवश्यकता विश्लेषण गरेर वार्षिक कार्यक्रम तर्जुमा लागि गतिविधिहरू सहित सुझाव दिने।
- अन्य परियोजना कार्यान्वयन गर्ने पालिका एकाईका कर्मचारीहरूको वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा टोली सदस्यको रूपमा सहभागी हुने।
- परियोजना व्यवस्थापन समितिका बैठकहरूको आयोजना गर्न सहयोग गर्ने र निर्णयहरू निर्णय पुस्तिकामा तयार पार्ने।
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार अनुमोदन प्रक्रिया र आर्थिक व्यवस्थापनको लागि कार्यशाला/तालिमको प्रस्तावना तयार पार्ने। खर्चको पारदर्शिता सुनिश्चित गर्ने र अग्रिम भुक्तानी समयमै फछ्यौंट गर्ने।
- स्वीकृत वार्षिक कार्यक्रमका गतिविधिहरूको अनुगमन र सुपरिवेक्षण गर्ने, गुणस्तर सुनिश्चित गर्दै परियोजनाका अनुपालनहरु को पालना गर्ने र गराउने।
- फिल्डका कर्मचारीहरूलाई कार्यान्वयन योजनाअनुसार परिचालन गर्ने र मासिक बैठक र फिल्ड भ्रमणमार्फत उनीहरूको कार्यसम्पादन अनुगमन गर्ने।
- सबै परियोजना/फिल्ड स्टाफले परियोजनाको आचारसंहिता पालन गरिरहेको सुनिश्चित गर्ने।
- परियोजना कार्यान्वयनको सबै चरणमा परियोजनाका निर्देशिकाहरू (परियोजना कार्यान्वयन निर्देशिका, चरणवद्ध कार्यविधि, GEDSI/HRBA आदि) सही रूपमा पालन भइरहेको छ कि छैन सुनिश्चित गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।

## ६.२ फिल्ड संयोजक

| | |
|---|---|
| पद | फिल्ड संयोजक- सहायक पाँचौं तह |
| रोजगारदाता | स्थानीय तहको कार्यपालिकाको कार्यालय |
| कार्य क्षेत्र | स्थानीय तहको कार्यपालिकाको कार्यालय वा वडा कार्यालय (आवस्यकता अनुसार) अन्तरगत रहेर परियोजना कार्यान्वन हुने क्षेत्रमा व्यपक फिल्ड भ्रमण गर्नुपर्ने छ। |
| अवधि | वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने) |
| जबाफदेही हुनुपर्ने | प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक सहायता सल्लाहकार |
| प्रतिवेदन गर्नुपर्ने | लक परियोजना अधिकृत र प्राविधिक सहायता सल्लाहकार/प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ |
| शैक्षिक योग्यता | कृषि र वन,वा ग्रामिण विकास वा सामाजिक विज्ञान वा सो सरहको विषयमा कम्तीमा प्रवीणता प्रमाणपत्र/उच्च माध्यामिक तहको शिक्षा |

कार्य अनुभव

- ग्रामीण क्षेत्रमा सामुदायिक विकास, योजना तर्जुमा र व्यवस्थापन, वा जीविकोपार्जन/जलस्रोत/प्राकृतिक स्रोत व्यवस्थापन जस्ता गतिविधिहरूमा न्यूनतम ५ वर्षको कार्य अनुभव साथै स्थानीय तह अन्तर्गत काम गरेको अनुभव लाइ प्राथमिकता दिइने छ।
- समान प्रकृतिका विशेषगरी फिनल्याण्ड सरकार र युरोपेली संघको वित्तीय सहयोगमा संचालित परियोजनाहरूमा काम गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ ।

अन्य दक्षताहरूः

- सामाजिक परिचालन र तालिमहरू सहजीकरण राम्रो दक्षता
- अंग्रेजी र नेपालीमा राम्रो लेख्न र बोल्न सक्ने साथै स्थानीय भाषामा राम्रो दक्षता
- प्रतिवेदन लेखनमा राम्रो सीप
- आधारभूत कम्प्युटर सीप (MS Windows)
- वेव-वेस वा मोवाइल एपमा प्रतिवेदन गर्ने दक्षता

**काम, कर्तव्य र जिम्मेवारीहरूः**

तोकिएको कार्य क्षेत्रमा परियोजनाका विभिन्न समुदाय स्तरका जीविकोपार्जन तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी गतिविधिहरूको योजना तर्जुमा, समन्वय, सुपरिवेक्षण/निगरानी र व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी फिल्ड संयोजकको हुनेछ। फिल्ड संयोजक पद पूर्णरूपले फिल्ड कार्यमा आधारित हुनेछ । फिल्ड संयोजकले लक परियोजना अधिकृतको प्रत्यक्ष निरीक्षण र निर्देशनमा निम्न कार्यहरू गर्नेछन्,:

**योजना तर्जुमा तथा कार्यान्वयन**

- विशेषत परियोजना अन्तर्गत संचालन हुने गतिविधिहरूको वार्षिक कार्यक्रम तयारी र समावेशीता सहितको सात चरणको योजना तर्जुमा प्रक्रियाबाट टोल/बस्ती र वडा स्तर योजनाहरूको तथा गतिविधिहरूको छनोट प्रकृया सुनिश्चित गर्नेमा लक परियोजना अधिकृतलाई सहयोग गर्ने ।
- स्वीकृत बार्षिक कार्यक्रमको आधारमा क्रियाकलापहरूको विस्तृत कार्यान्वयन योजना तयार गर्ने र तोकिएको समय सीमा अनुसार विभिन्न सरोकारवालाहरू सँग समन्वय गरी कृषि तथा प्राकृतिक श्रोत व्यवस्थापनका गतिविधिहरू कार्यान्वयन गर्ने।
- वडा/योजना स्तरमा आम भेलाहरू आयोजना गर्ने र सम्बन्धित योजना तथा गतिविधिहरूमा परियोजना बारे जानकारी प्रसार गर्ने।
- लैङ्गिक समानता अपाङ्गता तथा सामाजिक समावेशीकरण र मानव अधिकारमा आधारित पद्धति मार्गदर्शनको रूपमा उपभोक्ता समूह/कृषि समुह/सामुदायिक बन उपभोक्ता समुहहरु को गठन प्रक्रियामा सहयोग गर्ने, विधान तयारीमा सहयोग तथा दर्ता प्रक्रियामागर्न सहयोग गर्ने, साथै उपभोक्ता समितिहरूको बैंक खाता खोल्नमा सहयोग गर्ने ।
- योजनाहरूको कार्यान्वयन चरणको सम्झौता अघि चरणवद्ध प्रक्रिया अनुसार प्रारम्भिक मर्मत संभार कोष संकलन लाई सुनिश्चित गर्ने र भरपर्दो स्थानीय सहकारीमा मर्मत संभार खाता खोल्न सहजीकरण गर्ने।
- योजना स्थलमा निर्माण (स्थानीय/गैर-स्थानीय) सामग्रीको ढुवानी र उचित भण्डारण व्यवस्थापनमा उपभोक्ता समितिहरूलाई सहयोग गर्ने।
- परियोजना गतिविधिहरूको कार्यान्वयन प्रगतिको नियमित रूपमा अनुगमन गर्ने; समुदाय परिचालन, सामुदायिक कार्य योजना समीक्षाको लागि उपभोक्ता समिति/समूह/कृषि समुह/सामुदायिक बन उपभोक्ता समुहहरुलाई सहयोग गर्ने र दिइएको समयसीमा भित्र सबै गतिविधिहरू पूरा गर्न सहयोग प्रदान गर्ने।
- स्थानीय तहका अधिकारहरूसँगको समन्वयमा योजना स्तरमा हुने र भएका विवादहरू (यदि कुनै छन भने) समाधान गर्न उपभोक्ता समिति/उपभोक्ताहरूलाई सहयोग गर्ने।

- प्राविधिक तालिमहरू जस्तै; ग्रामिण मर्मत संभार कार्यकर्ता, पम्प अपरेटर, मिस्त्री, अगुवा कृषक, वन हेरालो, स्थानीय स्रोत व्यक्ति जस्ताको लागि सहभागीहरूको छनोटमा समुदायलाई सहजीकरण गर्ने;
- ग्रामीण मर्मत संभार कार्यकर्ता तथा स्थानीय स्रोत व्यक्तिहरूको लागि जीविकोपार्जनका अवसरहरू जस्तै अगुवा किसान, आय आर्जन गर्ने गतिविधिहरू, लघु उद्यमहरू आदिमा उनीहरूको संलग्नता सुनिश्चित गर्ने।
- उचित खातापाताहरूको व्यवस्थापन, बैठक पुस्तिका, योजना बोर्ड, सार्वजनिक सुनुवाइ/लेखापरीक्षणमा सहजीकरण र अन्य अभियानहरूमा महिला र विपन्न समूहहरूको सहभागिता मार्फत संस्थागत सुशासन कायम राख्न उपभोक्ता समिति/कृषि समुह/सामुदायिक बन उपभोक्ता समूहहरूलाई सहयोग गर्ने।
- खानेपानी योजनाहरूमा उपभोक्ता समिति तथा उपभोक्ताहरूलाइ मर्मत संभार, सामुदायिक बन कार्ययोजना, व्यावसायिक योजना र जलवायु उत्थानशील पानी सुरक्षा योजना तयारी जस्ता प्रक्रियामा सहयोग गर्ने। जलवायु उत्थानशील पानी सुरक्षा योजनाहरूको कार्यान्वयनमा सहजीकरण तथा नियमित निगरानी गर्ने र पानीको दिगो उपलब्धताकोलागि सरोकारवाला निकायहरूसँग सम्बन्ध विकासको लागि उपभोक्ता समितिहरूलाई सहयोग गर्ने।
- सहकारीका कर्मचारीहरूलाई व्यावसायिक पोर्टफोलियो विस्तार गर्न सहजीकरण र प्रोत्साहन गर्ने र उपभोक्ता समिति/सामुदायिक बन उपभोक्ता समुहहरुलाई सहकारीमा जोड्न बाह्य स्रोतहरूको खोजि गर्न सहयोग गर्ने।

**क्षमता अभिवृद्धि, समन्वय र सहकार्य**

- योजना/समुदायहरूको लागि क्षमता अभिवृद्धिगर्ने गतिविधिहरूको आवश्यकताको विश्लेषण गर्ने र सोही अनुसार वार्षिक कार्यक्रम तर्जुमामा सुझाव दिने।
- स्वीकृत वार्षिक कार्यक्रम अनुसार योजना/वडा स्तरका सरोकारवालाहरू (उपभोक्ता समिति, सहकारी, सामुदायिक बन, कृषि समुह आदि) को लागि विभिन्न तालिमहरू सञ्चालन गर्ने; स्रोत व्यक्तिको रूपमा सहजीकरण गर्ने र पाठ्यक्रम सामग्री/सुचना शिक्षा, र संचार सामग्रीहरू विकास गर्न सहयोग गर्ने।
- उपभोक्ता समिति, कृषि समुह, सामुदायिक बन, सहकारीहरूलाई उचित वित्तीय व्यवस्थापन/खातापाता व्यवस्थापन र गैर-स्थानीय सामग्री खरिद प्रक्रिया, ढुवानी, स्टोर व्यवस्थापन; बैठक पुस्तिका, अन्य रेकर्ड राख्न सहयोग र क्षमता प्रदान गर्ने।
- जीविकोपार्जनलाई राम्रो बनाउन आयआर्जन र लघुवित्त गतिविधिहरूलाई प्रवर्द्धन गर्न र दिगोपनाका लागि सम्पन्न योजनाहरूको सञ्चालन तथा मर्मत कोष संकलन गर्न समुदायमा आधारित संस्थाहरूलाई सहकारीमा आबद्ध हुन सहयोग र सहजीकरण गर्ने।

**अनुगमन तथा प्रतिवेदन**

- योजना स्तरको अनुगमन प्रक्रियाको योजना बनाउने र भाग लिने, चरणबद्ध कार्यविधि अनुसार क्रियाकलापहरू कार्यान्वयन भएको सुनिश्चित गर्ने र अनुगमनमा आएका सल्लाह सुझावहरू उचित र समयमै कार्यान्वयन भएको सुनिश्चित गर्ने।
- जन स्वास्थ्य र GEDSI मुद्दाहरूको अनुगमन (सरसफाइ र स्वच्छता, पोषण, महिनावारी स्वच्छता, लिङ्गमा आधारित हिंसा, अपाङ्गता भएका व्यक्तिको अधिकार आदि) को लागि स्वास्थ्य चौकी/महिला स्वास्थ्य स्वयंसेविका (FCHV), विद्यालय र स्थानीय तहमा काम गर्ने विभिन्न संस्थाहरूसँग समन्वय र सहजीकरण गर्ने; पुर्ण सरसफाइ तथा वातावरण मैत्री समुदाय तयारी स्व-मुल्यांकन विधिहरू (घरधुरी र विद्यालयहरू)को उपलब्धि/प्रभावको नजिकबाट निगरानी गर्ने।
- चरणबद्ध कार्यविधि र परियोजना कार्यान्वयन निर्देशिका अनुसार बार्षिक कार्यक्रममा भएका गतिविधिहरूको गुणस्तरीय कार्यान्वयन सुनिश्चित गर्ने।
- योजनाहरुको जलवायु उत्थानशील पानी सुरक्षा योजना र दिगोपनाका सुचकहरूको नियमित फलोअप तथा प्रतिवेदन गर्ने ।
- परियोजना गतिविधिहरूको मासिक प्रगति प्रतिवेदन तयार गर्न सहयोग गर्ने, मासिक बैठकको लागि अर्को महिनाको योजना समावेश गर्ने।
- परियोजनाका गतिविधिहरूको कार्यान्वयनमा उठाइएका सवालहरू, समुदायको भावना, राम्रा अभ्यासहरू र रिपोर्टिङ अवधिबाट सिकेका पाठहरू अनुगमन गरिएको सुनिश्चित गर्ने

**अन्य**

- लक परियोजना अधिकृत सँगको समन्वयमा उपभोक्ता समिति/कार्यक्रमहरूको बिल र अन्य कागजातहरूको रुजु गर्ने तथा आवश्यक कार्यमा सहयोग गर्ने। उपभोक्ता /सप्लायर्स हरूलाई भुक्तानीको लागि उपभोक्ता समिति लाई सहजीकरण गर्ने।
- स्वीकृत बार्षिक कार्यक्रम अनुसार कृषि, वन र जलस्रोत गतिविधिहरूको कार्यशाला/तालिमको प्रस्ताव तयार गर्ने र स्वीकृति प्रक्रियाको लागि LACC परियोजनाअधिकृत लाई पठाउने। खर्चको पारदर्शिता कायम राख्ने र समयमै पेश्की फछ्र्यौट गराउने।
- विस्तृत कार्यान्वयन योजना अनुसार फिल्डका कर्मचारीहरु परिचालनमा सहयोग गर्ने र मासिक बैठक र फिल्ड भ्रमण का लागि बार्षिक कार्यक्रम का गतिविधिहरूमा प्राविधिक मार्गदर्शन प्रदान गर्ने।
- परियोजनाको आवश्यकता अनुसार बेसलाइन, इनलाइन र अन्य तथ्यांक सङ्कलनका लागि हुने सर्भेमा सहयोग गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।

## ६.३ सब-इन्जिनियर

| | |
|---|---|
| पद | सब-इन्जिनियर — सहायक पाँचौं स्तर |
| रोजगारदाता | स्थानीय तहको कार्यपालिकाको कार्यालय |
| कार्य क्षेत्र | स्थानीय तहको कार्यपालिका कार्यालय, पालिका भित्रको परियोजनाको कार्य क्षेत्रमा व्यपक भ्रमण गर्नुपर्ने । |
| अवधि | वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने) |
| जवाफदेहीता | प्रमुख प्रशासकीय अधिकृत |
| प्रतिवेदन गर्नुपर्ने | लक परियोजना अधिकृत र प्राविधिक सहायता सल्लाहकार/प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ र स्थानीय तहको पूर्वाधार शाखा प्रमुख |
| शैक्षिक योग्यता | सिभिल इन्जिनियरिङ विषयमा प्रवीणता डिप्लोमा |

**कार्य अनुभवः**

- सामुदायिक आधारित ग्रामीण खानेपानी तथा सरसफाइ, सिँचाइ, बायो-इन्जिनियरिङ र अन्य पूर्वाधार विकासका गतिविधिहरू (सर्भे, डिजाइन, सुपरिवेक्षण/अनुगमन, मूल्याङ्कन आदि) मा कम्तीमा ३ वर्षको कार्य अनुभव।
- समान प्रकृतिका विशेषगरी फिनल्याण्ड सरकार र युरोपेली संघ द्वारा वित्तीय सहयोग भएका परियोजनाहरूमा काम गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ

**अन्य दक्षताहरू**

- सामाजिक परिचालन र तालिम सहजीकरणमा उत्कृष्ट क्षमता
- अंग्रेजी र नेपाली बोल्न सक्ने र स्थानीय भाषामा दक्ष
- ग्रामीण खानेपानी तथा सरसफाइ र सिँचाइका योजनाहरूको डिजाइन सफ्टवेयर र DGPS मा दक्षता
- प्रतिवेदन तयार गर्ने राम्रो क्षमता
- इन्जिनियरिङ सफ्टवेयर जस्तै Auto-CAD (Basic Profile & Topo map) मा राम्रो दक्षता
- कम्प्युटर सीप (MS Windows)मा राम्रो दक्षता
- वेभवेस र मोवाइल एपमा प्रतिवेदन गर्ने दक्षता

**काम, कर्तव्य र जिम्मेवारीहरू:**

- सब-इन्जिनियर परियोजनाका प्राविधिक अधिकृतसँग नजिकको सहकार्यमा गाउँपालिका/ नगरपालिका स्तरमा योजना निर्माण सम्बन्धी प्राविधिक कार्यहरू सम्पन्न गर्ने काममा मुख्य जिम्मेवार हुन्छ।
- उनी/उनले परियोजनाको प्राविधिक सहायता सल्लाहकार वा प्राकृतिक स्रोत व्यवस्थापन विज्ञहरूको प्रत्यक्ष सुपरिवेक्षण र मार्गदर्शनमा, लक परियोजना अधिकृत र फिल्ड संयोजकसँग नजिकको समन्वय गर्दै निम्न कार्यहरू सम्पन्न गर्नेछन्।

**योजना तर्जुमा र कार्यान्वयन**

- जल-उपयोग गुरु योजना तथा गाउँपालिका/नगरपालिका स्तरीय अन्य गुरु योजनाको प्राथमिककीकरणमा भएका योजनाहरूको पुर्व/सम्भाव्यता अध्ययनमा र लक अधिकृतलाई परियोजनाको वार्षिक कार्यक्रम तयारीमा सहयोग गर्ने।
- योजना स्थलको लेआउट योजना तयार पार्ने र अन्तिम रूप दिने साथै योजनामा आइपर्ने प्राविधिक सवालहरू उपभोक्ता/उपभोक्ता समितिहरूसँग आम भेला/समितिको बैठकमार्फत छलफल गर्ने र समाधानका उपायहरू सिफारिस गर्ने।
- लक परियोजनाका प्राविधिक मापदण्ड अनुसार योजनाहरूको DRR/CCA सम्बन्धी उपायहरू एकीकृत गर्दै विस्तृत प्राविधिक सर्वेक्षण गर्ने, डिजाइन र लागत अनुमान तयार पार्ने। साथै पानीको बहु-उपयोगलाई मध्यनजर गर्दै पानीको अधिकतम प्रयोग लाइ सुनिश्चित गर्ने ।
- उपभोक्ता समितिको सामुदायिक कार्य योजना (CAP) तयार पार्न सहयोग गर्ने र समीक्षा गर्न सहभागी हुने।
- स्वीकृत डिजाइन र Drawing अनुसार संरचनाको लेआउटमा जल स्रोत प्राविधिक र मिस्त्रीहरूलाई सहयोग र मार्गदर्शन गर्ने।
- बाह्य निर्माण सामग्रीका लागि खरिद सम्बन्धी कागजात तयार पार्ने, समितिहरू लाई निर्माण सामग्री खरिद प्रक्रियामा सहयोग गर्ने र निर्माण सामग्रीको गुणस्तर (स्थानीय/बाह्य) सुनिश्चित गर्ने।
- उपभोक्ता समिति र फिल्ड संयोजकलाई जलवायु उत्थानशील पानी सुरक्षा योजना तयार पार्न र कार्यान्वयनमा सहयोग गर्ने।

**क्षमता अभिवृद्धि, समन्वय र सहकार्यको विकासः**

- प्राविधिक सहयोग र सहजीकरणका लागि गाउँपालिका/ नगरपालिकाको प्राविधिक टोली र परियोजनाका प्राविधिक सहायता सल्लाहकार/प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ र प्राविधिक अधिकृत सँग नियमित समन्वय गर्ने ।

- प्राविधिक तालिमहरूमा सहभागीहरूको छनोटमा उपभोक्ता समितिलाई सहयोग गर्ने, तेस्ता तालिममा स्रोत व्यक्ति/सहजकर्ताको रूपमा कार्य गर्ने र योजनाका उपभोक्ता समितिलाई नियमित सञ्चालन तथा मर्मत सम्बन्धी प्राविधिक अभिमुखीकरण प्रदान गर्ने।
- निर्धारित गतिविधिहरू समयमै सम्पन्न गर्न परियोजना टोली, स्थानीय तहका कर्मचारीहरू, तथा अन्य सरोकारवालासँग राम्रो सहकार्य र समन्वय कायम गर्ने
- गाउँपालिका/नगरपालिका स्तरीय मासिक तथा चौ-मासिक प्रगति समीक्षा र योजना तर्जुमा बैठकमा सहभागी हुने।

**अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः**

- निर्माण कार्यको गुणस्तर मापदण्ड र डिजाइन अनुसार सुनिश्चित गर्न जलस्रोत प्राविधिकहरू लाइ सुपरभाइज गर्ने  र निर्माण गतिविधिहरूको नियमित अनुगमन तथा निरीक्षण गर्ने
- योजनाको नापी किताब, कार्य सम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्ने र  उपभोक्ता समितिहरूलाई भुक्तानीका लागि सिफारिस सहित अन्तिम स्वीकृतिका लागि गाउँपालिका/नगरपालिका तथा परियोजनाको प्राविधिक अधिकृतलाई सहयोग गर्ने ।
- गाउँपालिका/नगरपालिका भित्रका योजना स्तरमा हुने विभिन्न अनुगमनका भ्रमणहरूमा सहयोग र सहजीकरण प्रदान गर्ने।
- योजनाहरुको जलवायु उत्थानशील पानी सुरक्षा योजना र दिगोपनाका सुचकहरूको नियमित फलोअप गर्ने ।
- प्रमाणमा आधारित रिपोर्टिङ समावेश सहितका प्राविधिक तथा भौतिक प्रगतिसम्बन्धी प्रतिवेदनहरू तयार गर्ने र ती प्रतिवेदनहरू नियमित रूपमा पालिका एकाई, प्राकृतिक स्रोत व्यवस्थापन बिज्ञ र गाउँपालिका/नगरपालिकाका इन्जिनियरलाई पेश गर्ने।
- उपभोक्ता समितिहरूलाई सार्वजनिक सुनुवाइ र लेखा परीक्षण तथा स्थानीय स्तरका भुक्तानीका लागि आवश्यक प्राविधिक प्रतिवेदनहरू तयारमा सहयोग गर्ने,
- परियोजनाको चरणबद्ध कार्यविधिमा निर्दिष्ट अन्य प्राविधिक कार्यहरू गर्ने।

**अन्य:**

- परियोजनाको आवश्यकताअनुसार प्राविधिक प्रारम्भिक, अन्तिम तथा अन्य  तथ्यांक संकलन कार्यहरूमा सहयोग र सम्पादन गर्ने।
- परियोजना कार्यान्वयनको सबै चरणमा परियोजनाका निर्देशिकाहरू (परियोजना कार्यान्वयन निर्देशिका, चरणवद्ध कार्यविधि, GEDSI/HRBA आदि) सही रूपमा पालन भइरहेको छ कि छैन सुनिश्चित गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।

## ६.४ प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता

| | |
|---|---|
| पद | प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ता- सहायक पाचौ तह |
| रोजगारदाता | स्थानीय तहको कार्यपालिकाको कार्यालय |
| कार्य क्षेत्र | स्थानीय तहको कार्यपालिकाको कार्यालय, स्थानीय तह भित्र परियोजना लागू भएका क्षेत्रहरू । |
| अवधि | वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने) |
| जवाफदेहीता | प्रमुख प्रशासकीय अधिकृत |
| प्रतिवेदन | लक परियोजना अधिकृत र प्राविधिक सहायता सल्लाहकार/प्राकृतिक स्रोत व्यवस्थापन विज्ञ |
| शैक्षिक योग्यता | कृषि वा वन विज्ञानमा प्रवीणता डिप्लोमा तह/उच्च माध्यमिक तह |

**कार्य अनुभव**

- कृषि वा वन तथा कृषि-वन सम्बन्धी गतिविधिहरूको योजना र कार्यान्वयनका क्षेत्रमा कम्तिमा तीन (३) वर्षको अनुभव।
- समान प्रकृतिका विशेषगरी फिनल्याण्ड सरकार र युरोपेली संघ द्वारा वित्तीय सहयोग भएका परियोजनाहरूमा काम गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ ।

**अन्य दक्षताहरू**

- सामाजिक परिचालन र तालिम सहजीकरण राम्रो दक्षता
- स्थानीय भाषामा दक्षता सहित अंग्रेजी र नेपालीमा राम्रो लेख्न र बोल्न सक्ने।
- राम्रो प्रतिवेदन लेखन सीप
- अनलाइन वेभवेस र मोवाइल एपमा प्रतिवेदन गर्ने दक्षता

**काम, कर्तव्य र जिम्मेवारीहरू:**

प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ताले परियोजना अन्तर्गतका जीविकोपार्जन, कृषि, वन, कृषि-बन, र प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी गतिविधिहरू कार्यान्वयन गर्न गाउँपालिका/नगरपालिका स्तरमा मुख्य प्राविधिक फोकल व्यक्तिको रूपमा काम गर्ने छ। गाउँपालिका/नगरपालिकाको कृषि, वातावरण, र उद्यम विकास शाखाहरू, र

प्राकृतिक स्रोत व्यवस्थापन विज्ञसँगको समन्वयमा काम गर्दै, प्राकृतिक स्रोत व्यवस्थापन सहजकर्ताले जलवायु-उत्थानशील जीविकोपार्जन र संरक्षणलाई प्रवर्द्धन गर्ने एकीकृत जलाधार/उप-जलाधार स्तर क्रियाकलापहरूको योजना तर्जुमा र कार्यान्वयनमा तल उल्लेखित कार्यहरू गर्नुर्नेछ।

- स्थानीय स्तरमा जीविकोपार्जनका अवसरहरू पहिचान गर्ने र जीविकोपार्जन कार्यान्वयन योजना तथा अन्य कृषि सम्बन्धी योजनाहरू तयार गर्न र कार्यान्वयन गर्न गाउँपालिका/नगरपालिकाहरूलाई सहयोग गर्ने।
- जलवायु मैत्री घर बगैंचा, मौसमी र बेमौसमी तरकारी उत्पादन, र आय आर्जन गर्ने गतिविधिहरूको प्रवर्द्धन र सहयोग गर्ने।
- प्राविधिक तालिमका कार्यक्रमहरू लाई सहजीकरण गर्ने (जस्तै, तरकारी उत्पादन, ग्रीनहाउस, कृषि-सामग्रीहरूको प्रयोग, स्थानीय स्रोत व्यक्तिहरू) ।
- सहकारी र कृषक समूहहरूलाई मूल्य शृङ्खला विकास गर्न र बजारीकरण तथा समबन्ध विस्तार गर्न सहयोग गर्ने।
- कृषि व्यवसाय र लघु उद्यम विकासको लागि जीविकोपार्जन प्रवर्द्धकहरू र स्थानीय स्रोत व्यक्ति लाई सहयोग गर्ने
- कृषि-उत्पादन आपूर्तिकर्ता र विस्तार प्रवर्द्धकहरूलाई दिने तालिमहरूको तालिम सामग्री विकास गर्ने र क्षमता अभिवृद्धिमा सहयोग प्रदान गर्ने।
- बजार/व्यवसाय समितिहरूलाई सबलीकरण गर्ने र स्थानीय स्तरमा कृषि कार्यशालाहरू र सेवा प्रदायकहरूसँगको सम्बन्धलाई प्रवर्द्धन गर्ने।
- संरक्षणका सवालहरू पहिचान गर्न र सान्दर्भिक योजना र बजेट तर्जुमा गर्न गाउँपालिका/नगरपालिका र सामुदायिक बनहरूलाई सहयोग गर्ने।
- बहुउद्देश्यीय नर्सरी स्थापना, मुहान संरक्षण, वृक्षारोपण, वन डढेलो र चरी चरन व्यवस्थापनलाई सहजीकरण गर्ने।
- सामुदायिक वन/कबुलियती बन कार्ययोजना तयारी, बन व्यवस्थापन र जैविक विविधता संरक्षणको लागि प्राविधिक सहयोग प्रदान गर्ने।
- गैर-काठ वन पैदावार, औषधीय र सुगन्धित बिरुवा, जडीबुटीहरू प्रयोग गरेर वनमा आधारित हरित उद्यमहरूलाई प्रवर्द्धन गर्ने, र सहकारीहरू मार्फत तिनीहरूको बजार व्यवस्थापनमा सहयोग पुर्याउने।
- सामुदायिक वनहरूको लागि दिगो वन व्यवस्थापन तालिम र नीति निर्माणका लागि अभिमुखीकरण सहजीकरण गर्ने।
- प्राविधिक सहयोग र सहकार्यको लागि डिभिजन/सब-डिभिजन वन कार्यालयहरू र गाउँ/नगर पालिकाहरूसँग समन्वय गर्ने।

- जलाधार/उप-जलाधार/क्याचमेन्ट स्तरमा सहभागितामूलक योजना तर्जुमामा प्राकृतिक स्रोत व्यवस्थापन विज्ञहरू र स्थानीय निकायहरूलाई सहयोग गर्ने जस्तै सामुदायिक नक्साङ्कन, जोखिम मूल्याङ्कन, सवालहरूको प्राथमिकीकरण, र एकीकृत योजना विकास आदि।
- सरोकारहरूसँगको समन्वयमा सामुदायिक कार्यशालाहरू, टोल-स्तरीय योजना तर्जुमा गर्ने र कार्यान्वयनलाई सहजीकरण गर्ने।
- नियमित अनुगमन, समीक्षा बैठकहरू, र सिकाइ, चुनौतीहरू अद्यावधि र सिफारिस गर्ने।
- सबै क्रियाकलापहरूमा सीमान्तकृत समूह, महिला, अपाङ्गता भएका व्यक्तिहरू र युवाहरूको समावेशी सहभागितालाई प्रवर्द्धन गर्ने
- सरोकारवालाहरू सँग समन्वय, स्थानीय स्तरमा ग्रामीण सल्लाहकारका रुपमा सहयोग गर्ने।
- लक परियोजना अधिकृतलाई जीविकोपार्जन र कृषिवन/संरक्षणका गतिविधिहरूको नियमित दस्ताबेजिकरण र प्रतिबेदन सुनिश्चित गर्ने।
- गाउँपालिका/नगरपालिका कार्यालयमा हुने मासिक समन्वय र समीक्षा बैठकहरूमा सहभागी हुने।
- परियोजनाका उद्देश्यहरू प्राप्त गर्न सुपरभाइजरले तोकेको कुनै पनि अतिरिक्त कार्यहरू गर्ने।

## ६.५ जलस्रोत प्राविधिक

| | |
|---|---|
| पद | जलस्रोत प्राविधिक— सहायक चौथो स्तर |
| रोजगारदाता | स्थानीय तहको कार्यपालिका कार्यालय |
| कार्य क्षेत्र | स्थानीय तहको वडा कार्यालय वा तोकिएका योजना क्षेत्र (आवश्यकता अनुसार) |
| अवधि | वार्षिक करार सम्झौता (परियोजना अवधिको अन्त्यसम्म वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिने) |
| जवाफदेहीता | प्रमुख प्रशासकीय अधिकृत र लक परियोजना अधिकृत |
| प्रतिवेदन गर्नुपर्ने | सब-इन्जिनियर र लक परियोजना प्राविधिक अधिकृत |
| शैक्षिक योग्यता | सिभिल इन्जिनियरिङमा TSLC वा कुनै मान्यता प्राप्त विकास निकाय/संस्थाबाट कम्तीमा ३० दिनको खानेपानी तथा सरसफाइ सम्बन्धी प्राविधिक तालिम पूरा गरेको वा सो सरह। |

**कार्य अनुभवः**

- कम्तीमा ३ वटा ग्राभिटी प्रणाली खानेपानी तथा सरसफाइ वा सिँचाइ योजना स्वतन्त्र रूपमा सम्पन्न गरेको र जलस्रोत व्यवस्थापन र निर्माण क्षेत्रमा ५ वर्षको कार्य अनुभव भएको।
- नवीकरणीय ऊर्जा, सरसफाइ, स्वच्छता र पानीको गुणस्तरसम्बन्धी अनुभवलाई बढी ग्राह्यता दिइनेछ।
- समान प्रकृतिका विशेषगरी फिनल्याण्ड सरकार र युरोपेली संघ द्वारा वित्तीय सहयोग भएका परियोजनाहरूमा काम गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ ।

**अन्य दक्षताहरू**

- सामाजिक परिचालन र तालिम सहजीकरणमा उत्कृष्ट क्षमता
- नेपाली भाषामा लेख्न र बोल्न सक्ने साथै स्थानीय भाषामा दक्ष
- वेव-वेस र मोवाइल एपमा प्रतिवेदन गर्ने दक्षता

**काम, कर्तव्य र जिम्मेवारीहरूः**

जलस्रोत प्राविधिकले योजना स्थलमा निर्माण सम्बन्धी गतिविधिहरूको निगरानी गर्ने प्रमुख व्यक्ति हुन्। उ/उनि निर्माणसम्बन्धी कार्यहरूमा प्राविधिक सहयोग प्रदान गर्ने पूर्ण कालिन समय फिल्डमा कार्य क्षेत्र भएका कर्मचारी हुन्। जलस्रोत प्राविधिकले परियोजनाका प्राविधिक अधिकृत र सब-इन्जिनियरको प्रत्यक्ष सुपरिवेक्षण तथा निर्देशनमा र फिल्ड संयोजक सँगको नजिकको समन्वयमा निम्न कार्यहरू सम्पादन गर्नेछः

- जलस्रोत सम्बन्धी योजनाहरू (मुख्यतः खानेपानी तथा सरसफाइ, सिँचाई, सुधारिएको पानी घट्ट, जीविकोपार्जन, प्राकृतिक स्रोत व्यवस्थापनका पूर्वाधार, सुधारिएको चुलो, साथै अन्य नवीकरणीय ऊर्जा प्रविधि) कार्यान्वयनका लागि समुदायलाई परिचालन गर्ने।
- जलस्रोत योजनाहरूको पुर्व/सम्भाव्यता अध्ययनमा सहयोग गर्ने र आवश्यक परेमा स्वयं सञ्चालन गर्ने।
- विस्तृत प्राविधिक सर्भे सञ्चालनमा सब—इन्जिनियरलाई सहयोग गर्ने।
- स्थानीय व्यक्तिहरूका लागि दिइने तालिमहरू तथा मर्मत सँभार कार्यकर्ता जस्ता प्राविधिक तालिमहरू सञ्चालन तथा सहयोग गर्ने।
- सबै प्रकारका योजनाहरूको निर्माण कार्य गुणस्तरीय बनाउन उपभोक्ता समिति तथा मिस्त्रीहरूलाई प्रत्यक्ष प्राविधिक सहयोग प्रदान गर्ने।
- योजनाहरूको निर्माणका क्रियाकलापहरू द्रुत गतिमा कार्यान्वयनका लागि वडा तथा स्थानीय तहका प्रतिनिधिहरूसँग समन्वय र सहकार्य गर्ने।
- चरणबद्ध कार्यविधि अनुसार निर्माण सामग्री (संरचना अनुसारको प्रयोग), पाइप, फिटिंग, औजार र दक्ष/अदक्ष मिस्त्रीको हाजिरी अभिलेखमा उपभोक्ता समितिलाई सहयोग गर्ने।
- प्राविधिक तालिमहरू जस्तै मर्मत संभार, पम्प अपरेटर, स्थानीय स्रोत व्यक्ति, हेरालो तालिमका लागि सहभागी छनोटमा उपभोक्ता समितिलाई सहजीकरण गर्ने। औपचारिक तालिमपछि फिल्डमा अतिरिक्त व्यवहारिक तालिम दिने र उनीहरूको कार्यसम्पादन मूल्यांकन गर्ने।
- पानी महसुल निर्धारण, जलवायु उत्थानशील पानी सुरक्षा योजना, संचालन तथा मर्मत संभार योजना तयारी, योजनाको सञ्चालन निर्देशिका निर्माण तथा कार्यान्वयनमा उपभोक्ता समिति/समुदायलाई सहयोग गर्ने।
- पानीको गुणस्तरसँग सम्बन्धित क्रियाकलापहरू, परीक्षण, जलवायु उत्थानशील पानी सुरक्षा योजना तथा सम्बन्धित तालिमहरू संचालनमा योजना स्तरमा सहयोग गर्ने।
- योजना स्तरमा निर्माण कार्यको लग शीटहरू अध्यावधिक गर्ने।
- उपभोक्ता समितिलाई जलवायु उत्थानशील पानी सुरक्षा योजना तर्जुमामा सुझाव/सहयोग प्रदान गर्ने र कार्यान्वयनमा निगरानी गर्ने।
- स्रोत संरक्षण, योजनाहरूको दिगोपना सम्बन्धी गतिविधि तथा पूर्ण सरसफाइ सम्बन्धी क्रियाकलापमा सहयोग गर्ने।
- स्थानीय तहमा मनाइने विशेष दिवसहरू (राष्ट्रिय सरसफाइ सप्ताह, हात धुने दिवस, पानी दिवस, वातावरण दिवस आदि) मनाउने जस्ता प्रचार—प्रसार गतिविधिहरूमा सहयोग गर्ने।
- योजना स्तरमा हुने अनुगमन भ्रमणहरूमा सहयोग गर्ने।
- परियोजना टोली, स्थानीय सरकारका प्रतिनिधिहरू तथा सरोकारवालाहरू सँग समन्वय र सुमधुर सम्बन्ध कायम गर्दै योजनाका गतिविधिहरू समयमै पूरा हुने सुनिश्चित गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।

## ६.६ सामाजिक परिचालक

| | |
|---|---|
| पद | सामाजिक परिचालक— सहायक चौथो स्तर |
| रोजगारदाता | स्थानीय तहको कार्यपालिका कार्यालय |
| कार्य क्षेत्र | स्थानीय तहको वडा कार्यालय वा तोकिएका योजना क्षेत्र (आवश्यकता अनुसार) |
| अवधि | वार्षिक करार सम्झौता (वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा परियोजना अवधिको अन्त्यसम्म नवीकरण गर्न सकिने) |
| जवाफदेहीता | प्रमुख प्रशासकीय अधिकृत र लक परियोजना अधिकृत |
| प्रतिवेदन गर्नुपर्ने | फिल्ड संयोजक वा लक परियोजना प्राविधिक अधिकृत |
| शैक्षिक योग्यता | एस.एल.सी./एस.ई.ई./टी.एस.ई.ई वा समकक्ष शैक्षिक योग्यता। सिभिल इन्जिनियरिङ, कृषि वा वन विज्ञान जस्ता प्राविधिक शैक्षिक पृष्ठभूमि भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ । |

**कार्य अनुभवः**

- क्षमता अभिबृद्दी, सामाजिक परिचालन, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, योजना तर्जुमा तथा जीविकोपार्जन क्षेत्रमा कम्तीमा २ वर्षको कार्य अनुभव भएको।
- जलस्रोत व्यवस्थापन सम्बन्धि क्रियाकलापहरूको कार्यान्वयनमा र स्थानीय तहको सात चरण योजना तर्जुमा प्रक्रियामा सहजीकरणमा काम गरेको कार्य अनुभवलाई बढी ग्राह्यता दिइनेछ।
- समान प्रकृतिका विशेषगरी फिनल्याण्ड सरकार र युरोपेली संघ द्वारा वित्तीय सहयोग भएका परियोजनाहरूमा काम गरेको अनुभवलाई विशेष ग्राह्यता दिइनेछ

**अन्य दक्षताहरू**

- सामाजिक परिचालन र तालिम सहजीकरणमा उत्कृष्ट क्षमता
- नेपाली भाषामा लेख्न र बोल्न सक्ने साथै स्थानीय भाषामा दक्ष
- वेव-वेस र मोवाइल एपमा प्रतिवेदन गर्ने दक्षता

**काम, कर्तव्य र जिम्मेवारीहरूः**

स्थानीय तहका वडा स्तरका कर्मचारी तथा अन्य परियोजना फिल्ड स्टाफहरूसँग नजिकको समन्वय गर्दै, सामाजिक परिचालकहरूले जल तथा प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी विभिन्न गतिविधिहरूका लागि

समुदायलाई परिचालन गर्नेछन्। फिल्ड संयोजकको प्रत्यक्ष सुपरभिजनमा सामाजिक परिचालकले निम्न कार्यहरू सम्पन्न गर्नेछः

**कार्यक्रम कार्यान्वयन**

- टोल, बस्ती तथा वडा स्तरमा योजना तर्जुमा प्रक्रियामा सहजीकरण गर्ने।
- वडा कार्यालयसँगको समन्वय र सहकार्यमा बस्ती स्तरको आवश्यकताहरू पहिचान बैठक सञ्चालन गर्ने।
- सहभागीहरूलाई परियोजनासँग सम्बन्धित गतिविधिहरू पहिचान गर्न प्रोत्साहित र प्रेरित गर्ने।
- बस्ती स्तरमा समुदायले पहिचान गरेका प्राथमिकताहरू सूचीबद्ध गर्ने र परियोजनाको दायरा भित्रका प्राथमिकताहरू छनोट गर्ने।
- परियोजनाको प्राथमिकता क्षेत्र अन्तर्गत रहेका सबै बस्तीहरूबाट पहिचान र प्राथमिकतामा परेका गतिविधिहरू संकलन गरी वडा स्तरमा प्रस्तुत गर्ने।
- लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण लाई विशेष ध्यान दिँदै टोल/वडास्तरको योजनाहरूको प्राथमिकिकरण बैठक सहज बनाउने।
- प्राथमिकतामा परेका गतिविधिहरू फिल्ड संयोजक र लक परियोजना अधिकृतलाई बुझाउने।
- परियोजनाका गतिविधिहरू कार्यान्वयन गर्दा चरण बद्ध कार्यविधिलाई पूर्ण रूपमा पालना गर्ने।
- वडा/योजना/कृषक समूह/ सामुदायिक वन उपभोक्ता समिति स्तरमा सामूहिक बैठक सञ्चालन गरी परियोजनाका प्रक्रिया, गतिविधि तथा सरोकारवालाको भूमिकाबारे जानकारी प्रवाह गर्ने।
- परियोजनाको लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण तथा मानव अधिकारमा आधारित सिद्धान्त अनुसार उपभोक्ता समिति तथा अन्य सामुदायिक वन उपभोक्ता समिति गठनमा सहयोग गर्ने, तिनको विधान, दर्ता प्रक्रिया तथा सञ्चालन बैंक खाता खोल्न सहयोग गर्ने।
- योजनाको कार्यान्वयन सम्झौता हुनु अघि, चरण बद्ध कार्यविधि अनुसार प्रारम्भिक मर्मत संभार कोष सुनिश्चित गर्न उपभोक्ता समिति लाई सहयोग गर्ने र विश्वसनीय स्थानीय सहकारीमा मर्मत संभार खाता खोल्न सहजीकरण गर्ने।
- योजनास्थलमा स्थानीय तथा गैर-स्थानीय निर्माण सामग्री ढुवानी र भण्डारण व्यवस्थापनमा उपभोक्ता समितिलाई सहयोग गर्ने।
- परियोजनाका गतिविधिहरूको कार्यान्वयनको प्रगति नियमित रूपमा अनुगमन गर्ने; समुदाय परिचालन, सामुदायिक कार्य योजनाको समीक्षा तथा समयमै कार्य पूरा गर्न उपभोक्ता समितिलाई लाई ब्याक—अप सहयोग गर्ने।

- वडा/स्थानीय तहका प्रतिनिधिहरूसँग नजिकको समन्वयमा योजना स्तरमा देखा परेका विवाद (यदि भए) समाधानमा सहयोग गर्ने।
- प्राविधिक तालिमहरू (मर्मत संभार कार्यकर्ता, अगुवा कृषक तालिम, मिस्त्री तालिम आदि)का लागि सहभागी छनोटमा सहजीकरण गर्ने; मर्मत संभार कार्यकर्ता तथा हेरालोलाई जीविकोपार्जन र आय-आर्जनका अवसरहरू (अगुवा कृषक, आय-आर्जनका क्रियाकलाप, लघु- उद्दम आदि) मा संलग्न गराउन सहजीकरण गर्ने।
- उपभोक्ता समितिको संस्थागत सुशासन कायम राख्न खातापाटा, बैठक निर्णय, योजना बोर्ड, सार्वजनिक सुनुवाइ/लेखा परीक्षण तथा महिला र विपन्न समूहको सहभागितामा सहयोग गर्ने।
- बाल क्लब/विद्यालय व्यवस्थापन समिति/ अभिभावक संघका बैठकहरूमा सहभागी भई सरसफाइ तथा स्वच्छतासम्बन्धी सवाल उठाउने; शिक्षक तथा विद्यार्थीलाई खानेपानी सरसफाइ तथा स्वच्छता सुविधाको संचालन र मर्मतमा परिचालन गर्ने।
- विद्यालयहरूमा बाल-मैत्री तथा लैङ्गिक-मैत्री खानेपानी सरसफाइ तथा स्वच्छता सुविधा विकास गर्न समन्वय र प्रोत्साहन गर्ने।
- घरायसी शौचालय प्रयोग/स्वच्छता, हात धुने सुविधा, किशोरी स्वच्छता/सेनेटरी प्याड व्यवस्थापनको अनुगमन स्व-मुल्यांकन (मोबाइल एपद्वारा) गरी पुर्ण सरसफाइ तथा वातावरण मैत्री समुदाय तयार गर्ने।
- विद्यालयलाई पूर्ण सरसफाइ सम्बन्धी तालिम प्रदान गर्ने र समुदायस्तरका पूर्ण सरसफाइ तथा वातावरण मैत्री समुदाय अभियानमा परिचालन गर्ने।

**तालिम तथा क्षमता विकास**

- समयमै सूचना, स्थान व्यवस्था तथा अन्य व्यवस्थापन सहित उपभोक्ता समिति, कृषक समूह, वन उपभोक्ता समूह, कृषि-वन समूहहरूका लागि योजनास्तरका तालिमहरू आयोजना गर्ने।
- वडा कार्यालय तथा अन्य परियोजना/संस्थासँग समन्वय गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशेष दिवस/सप्ताहहरू (जस्तै; सरसफाइ सप्ताह, विश्व पानी दिवस, विश्व वातावरण दिवस, महिला हिंसा विरुद्ध १६ दिने अभियान आदि) सम्बन्धी जनचेतना कार्यक्रम आयोजना गर्ने।
- बेस लाइन, मिड लाइन, इन्ड लाइनका लागि आवश्यक तथ्यांक संकलन गर्ने।
- सहभागीतामुलक अनुगमन प्रणाली प्रवर्द्धन गर्दै समुदायमा व्यवहार परिवर्तन सम्बन्धी शिक्षाका गतिविधिहरू सञ्चालन गर्ने; जस्तै घरदैलो भेटघाट गरी व्यवहार परिवर्तनको प्रगति अनुगमन गर्ने।
- पूर्ण सरसफाइ र वातावरणमैत्री गतिविधिहरूको प्रवर्द्धनको लागि समुदाय स्तरमा व्यवहार परिवर्तन गर्ने प्रदर्शनी अभ्यासहरू सञ्चालन गर्ने।

- घर बगैंचा तथा आय-आर्जन गतिविधिको अनुगमन गर्ने।
- जीविकोपार्जन समूहहरूलाई पोषण तथा आय-आर्जनका गतिविधि प्रवर्द्धनमा सहयोग गर्ने र सम्पन्न योजनाहरूको संचालान तथा मर्मत कोष वृद्धि गर्न उपभोक्ता समितिलाइ सहजीकरण गर्ने।
- सुपरभाइजरले तोकेका परियोजना परिणाम तथा नतिजाहरू हासिल गर्न अन्य कुनै पनि काम र जिम्मेवारीहरू।

# ७. अनुसुची २ः स्थानीय तह परियोजना कार्यान्वयन एकाई कर्मचारीहरूको अन्य सेवा सर्तहरू

क) सम्झौता अवधिभर स्थानीय तह परियोजना कार्यान्वयन एकाईका कर्मचारीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, आफ्नै नाममा वा अरू कसैको नाम वा माध्यमबाट कुनै अन्य व्यवसाय, पेशा वा रोजगारीमा संलग्न हुन पाउने छैनन्। कर्मचारीले जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजनाका गतिविधिहरूमा मात्र संलग्न रहनुपर्नेछ। गाउँपालिका/नगरपालिकाबाट लक परियोजनाका लागि तोकिएका कर्मचारीहरू गाउँपालिका/नगरपालिकाका नियमित कार्य, गतिविधि वा सहजीकरणमा सहभागी हुन वा सहयोग गर्न पाउने छैनन्।

ख) अतिरिक्त जनशक्ति आवश्यकताः गाउँपालिका/नगरपालिकामा तर्जुमा लक्ष्य गरिएका योजना/क्रियाकलापहरुका आधारमा, परियोजना व्यवस्थापन समितिले अतिरिक्त प्राविधिक जनशक्तिको आवश्यकता विश्लेषण गर्नेछ। यस्ता अतिरिक्त जनशक्ति विशेष कार्यका लागि निश्चित अवधिका लागि छोटो समयका सेवा प्रदायकका रूपमा नियुक्त गरिनेछ। यो पनि नतिजामा आधारित सम्झौता हुनेछ। यस्ता सेवा प्रदायकहरूको लागत गाउँपालिका/नगरपालिका प्राकृतिक स्रोत विकास कोष मार्फत व्यहोरिने छ। सेवा प्रदायकहरूको दर र सुविधा सहयोगी व्यक्तिहरूको विद्यमान दरभन्दा बढी हुने छैन। परियोजना व्यवस्थापन समितिले दरको विश्लेषण गरी सेवा प्रदायकका लागि दर निर्धारण गर्नेछ। विशेष कार्यहरू जसका लागि बाह्य विज्ञ वा संस्थाबाट सेवा लिन आवश्यक पर्छ, ती कार्यहरू नेपालका प्रचलित सार्वजनिक खरिद ऐन अनुसार परियोजना व्यवस्थापन समितिले बाह्य स्रोतहरूबाट सेवा खरिद गर्न निर्णय गर्न सक्छ।

ग) स्थानीय तह परियोजना कार्यान्वयन एकाई कर्मचारीहरूको बिदाको सुविधा, चाडबाड बोनस, सामाजिक सुरक्षा, बीमा तथा अन्य सुविधा गाउँपालिका/नगरपालिकाका प्रचलित ऐन/नियमावली अनुसार हुनेछन्।

घ) स्थानीय तह परियोजना कार्यान्वयन एकाईका सबै कर्मचारीहरू प्रमुख प्रशासकीय अधिकृत प्रति उत्तरदायी हुनेछन् साथै उपरोक्त कर्मचारीहरूले आफ्नो प्रत्यक्ष सुपरभाइजर तथा परियोजनाका प्राविधिक सहायता सल्लाहकारलाई तोकिएको समयमा प्रतिवेदन पेश गर्नु पर्ने छ। स्थानीय तह परियोजना कार्यान्वयन एकाईका कर्मचारीहरूको सबै प्रकारको भुक्तानीहरू सम्बन्धित प्राविधिक सहायता सल्लाहकारको लिखित सिफारिसका आधारमा मात्र गरिनेछ।

ङ) स्थानीय तह परियोजना कार्यान्वयन एकाई कर्मचारीहरूको सेवा करार वार्षिक कार्य सम्पादन सन्तोषजनक भएमा नवीकरण गर्न सकिनेछ, तथापी आगामी वर्षको वार्षिक कार्य योजनामा सम्वन्धित कर्मचारीले सम्पादन गर्ने कार्य समावेश नभएमा, करार सम्झौता नवीकरण गरिने छैन।

च) स्थानीय तह परियोजना कार्यान्वयन एकाई कर्मचारीहरूको मासिक तथा अन्य तोकिएको प्रतिवेदन, टाइमसिट र बिदा निवेदन सम्वन्धित प्राविधिक सहायता सल्लाहकारको सिफारिसमा स्वीकृत गरिनेछन्।

कुनै कर्मचारीले द्वै-मासिक प्रतिवेदन र टाइमसिट समयमै नबुझाइएमा गाउँपालिका/नगरपालिका कार्यालयले तलब रोक्का गर्न सक्नेछ।

छ) गाउँपालिका/नगरपालिका कार्यालय वा वडा कार्यालयले सहयोगी व्यक्तिहरूका लागि कार्यस्थलको व्यवस्था गर्नेछ। स्थानीय तह परियोजना कार्यान्वयन एकाई कर्मचारीहरूका लागि स्टेशनरी र आवश्यक उपकरण प्राकृतिक स्रोत विकास कोष मार्फत व्यवस्था गरिनेछ।

ज) स्थानीय तह परियोजना कार्यान्वयन एकाई कर्मचारीहरू लागि अन्य सुविधाः

१. मासिक आधारभूत तलब, सन्चयकोष र उपदान नेपाल सरकार/गाउँपालिका/नगरपालिकाको नियमानुसार प्रदान गरिनेछ। आधारभूत तलब बाहेक फिल्ड भत्ता अधिकृत तहका लागि प्रतिमहिना रु. १५,००० र सहायक तहका लागि प्रतिमहिना रु. १०,००० प्राकृतिक स्रोत विकास कोष मार्फत प्रदान गरिनेछ।

२. चाडपर्व खर्च : नेपाल सरकार/गाउँपालिका/नगरपालिकाको नियमानुसार।

३. फिल्ड किट भत्ताः रु. ४,००० प्रति कर्मचारी प्रतिवर्ष (बिल पेश पश्चात भुक्तानी गरिने)।

४. सञ्चार खर्चः रु. ५०० प्रति कर्मचारी प्रति महिना ।

५. दैनिक भ्रमण खर्च: गाउँपालिका/नगरपालिका बाहिर कार्य गर्दा, गाउँपालिका/नगरपालिकाको नियमानुसार।

६. यस बाहेक अन्य कुनै भुक्तानी वा सुविधा प्रदान गरिने छैन।

# ८. अनुसुची ३ः जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको आचार संहिता

यो आचार संहिताले जलवायु परिवर्तन स्थानीय अनुकूलन (लक) परियोजनाका कर्मचारीहरू तथा परियोजनासंग फिल्ड स्तरमा सहकार्य गर्ने अन्य संस्थाका कर्मचारीहरूबाट अपेक्षित व्यवहारका मापदण्डहरू स्पष्ट पार्दछ। यसले कर्मचारीहरूलाई व्यक्तिगत तथा व्यावसायिक निर्णयहरूमा नैतिक मार्गदर्शन प्रदान गर्छ। परियोजनाको लक्ष्य तथा उद्देश्यहरु हासिल गर्न उच्च स्तरको नैतीक आचरण तथा व्यवहार आवश्यक पर्दछ । यो लक्ष हासिल गर्नको लागि सवै संलग्न साझेदारहरु तथा सो मार्फत कार्यरत कर्मचारीहरुको पुर्ण प्रतिवद्धता अनिवार्य हुन्छ । नैतीक तथा व्यवहारिक रुपमा प्रदर्शन गरिने आचरणले मात्र परियोजनाले लक्षित गरेका उद्देश्यहरु प्राप्त गर्न सहयोग पुग्दछ । यसैले परियोजनाको कामसंग सम्बन्धित सवै कर्मचारीहरुको लागि आचारसंहिता तयार गरी लागू गरिएको छ ।

परियोजनाको उद्देश्य समुदायमा भौतीक संरचनाहरु निर्माण गर्नु मात्र होइन बरु विभिन्न तहमा संस्थागत तथा नैतीक क्षमता अभिवद्धि गर्दै सुशासनको पद्धति स्थापना गर्नु समेत रहेकोले यसमा काम गर्ने कर्मचारीहरुको वानी व्यवहार तथा काम गर्राईवाट समुदायले उक्त आचरणहरु सिक्ने र सोही वमोजिम परियोजना र सो संग सम्बन्धित कर्मचारी र संस्था प्रतिको धारणा निर्माण गर्ने भएकोले सञ्चालित कार्यक्रमको सफलता र दीगोपना समेत केही हदसम्म कर्मचारीहरुवाट गरिने व्यवहारवाट निर्देशित हुन्छन् । कर्मचारीहरुले गर्ने व्यवहार, आचरण, मन्तव्य तथा कार्यहरु समुदायले नजीकवाट नियालीरहेका हुन्छन् । हरेक कर्मचारीहरुले सम्पादन गर्ने कार्यको आधारमा समुदायले परियोजनाको मुल्यांकन गरिरहेको हुन्छ । यर्सथः परियोजनासंग आवद्ध कर्मचारीहरुले आफुलाई नमूना (Role Model) को रुपमा समुदायमा प्रस्तुत गर्नुपर्दछ । जसले गर्दा समुदायले कर्मचारीको व्यवहारवाट स्थास्थ्य सम्बन्धी वानी व्यवहारहरु तथा लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणका व्यवहारहरुको सिको गरी असल नैतिक व्यवहारहरु प्रदर्शित गर्न सक्छन् ।

यो आचार संहिता लक परियोजनाका सबै कर्मचारीहरूमा लागू हुन्छ । यसअन्तर्गत स्थानीय तहका परियोजना कार्यान्वयन एकाईका कर्मचारीहरू तथा छोटो अवधिका सेवा प्रदायक (परामर्शदाता)हरू पनि समावेश छन् । साथै, यो आचार संहिता लक परियोजनाका परियोजनाको कामको सिलसिलामा योजना क्षेत्रमा जाने सवै साझेदारहरुका कर्मचारीहरुमा समेत यो लागु हुनेछ।

यो आचारसंहिता लागु गर्ने जिम्मेवार निकाय स्थानीय तह भित्रको हकमा गाउँपालिका/नगरपालिका परियोजना व्यवस्थापन समिति (PMC) द्वारा कार्यान्वयन र व्यवस्थापन गरिनेछ। परियोजना सहयोग एकाई कर्मचारीहरूबीच आचारसंहिताको अनुपालनको निगरानी टिम लिडरले गर्नेछन्। साथै, क्लस्टर तहबाट प्राविधिक सहायता सल्लाहकारहरू र परियोजना सहयोग एकाईका प्रमुख प्रशासनिक तथा लेखा अधिकृतले आचारसंहिता उल्लङ्घनका कुनै पनि घटना भएमा सम्बन्धित समितिमा प्रतिवेदन गर्नेछन्।

यस आचार संहिता अन्तरगतका व्यवहारगत मापदण्डहरूलाई निम्न चार भागमा विभाजित गरिएको छ।

**१) आदर्श व्यक्तित्व प्रदर्शन**

सबै फिल्ड कार्यालयहरूले निम्न कुरा अनिवार्य रूपमा सुनिश्चित गर्नुपर्दछ ।

- पानी, साबुनको सुविधा र फोहरदानीसहित सुरक्षित र सफा शौचालय।
- ठोस, तरल तथा जैविक फोहरको उचित विसर्जन व्यवस्थापन।
- सम्भव भए सम्म घरबारी बगैंचा प्रदर्शन ।
- कार्यालय र वरिपरिको सरसफाइ तथा सूचना, शिक्षा तथा संञ्चार सामग्रीहरू कार्यालयमा प्रदर्शन।
- सबै कर्मचारीहरूले जोखिम अवस्थामा हात धुने लगायत सरसफाइ सम्बन्धी व्यवहारहरू पालना गर्ने।
- व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइमा ध्यान दिने।

**२) आचरणसम्बन्धी मापदण्ड**

- सबै कर्मचारीहरूले सेवा करार सम्झौता (नियुक्ति पत्र) मा निर्दिष्ट गरिएका सर्तहरूको पूर्ण रूपमा पालना गर्नुपर्दछ ।
- कामको सिलसिलामा सवैलाई सम्मान तथा आदरपुर्वक व्यवहार गर्नुपर्दछ र स्थानीय संस्कृती, परम्परा तथा धर्मको वारेमा सदैव संवेदनशील रहनुपर्दछ । कहिल्यै पनि स्थानीय भाषा, संस्कृती तथा परम्परा र चालचलनको आलोचना नगरी सवैले लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण मैत्री व्यवहार गर्नुपर्दछ ।
- आफुलाई सदैव व्यवसायिक तथा अनुशासित रुपमा प्रस्तुत गरी व्यवहार गर्दा निष्पक्ष रुपमा गर्नुपर्दछ । आफ्नो निष्पक्षता वा विश्वसनीयतामा माथि असर पर्न सक्ने तथा आफ्नो कामसंग सम्बन्ध नभएका क्रियाकलापहरु गर्नुहुदैन । यसका साथै आफ्नो पहिचानलाई नकारात्मक असर पार्ने खालका सार्वजनिक अभिव्यक्तिहरु दिनु हुदैन ।
- सवै कर्मचारीहरुले आर्थिक लेनदेनमा अनिवार्य रुपमा उच्च तहको पारदर्शीता कायम राख्नुपर्दछ । कुनै पनि कारोवारमा कुनै पनि प्रकारको आर्थिक अनियमिततामा संलग्न भएमा वा कसैलाई संलग्न गराएमा वा यस्तो अनियमितता भएको जान्दा जान्दै सो हुन नदिन आवश्यक पहल नगरेमा उक्त कर्मचारीलाई अनुशासनको कार्यवाही हुन्छ । कुनै पनि प्रकारको खरिदमा विक्रेता वा सेवा प्रदायकवाट प्रदान गरिने छुट अनिवार्य रुपमा वीलमा देखाउनु पर्दछ । उपभोक्ता समिति, सहयोगी संस्था तथा प्राकृतिक स्रोत विकास कोषवाट हुने सवै प्रकारका आर्थिक कारोवारहरुमा पुर्ण पारदर्शीता कायम गर्न कर्मचारीहरूले सदैव सक्रिय भूमिका खेल्नुपर्नेछ। साथै, कुनै पनि वित्तीय अनियमितता वा भ्रष्टाचारसम्बन्धी जानकारी तुरुन्तै आफ्नो सुपरभाइजरलाई उपलब्ध गराउने दायित्व परियोजनामा संलग्न हरेक कर्मचारीको हुनेछ।

